साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY

माटोवादीहरुको साझा पत्रिका

वर्ष ४५ अंक ८ २०८३ भदौ २३ गते मंगलबार (Sep. 8, 2026) मूल्य रू. १०/-


## राष्ट्र शोकमा, राष्ट्रपति सलाम खाँदै



भोटेकोशी बाढीले ल्याएको महाविपद्का कारण देश शोकमा छ, देशका अभिभावक भनिने राष्ट्रपति बाढीपिडितलाई ५ हजार दान गरेर सलाम खाँदै रमाइरहेका छन् ।

देशका यी कस्ता अभिभावक हुन्, जो हजारौंको ज्यान जाँदा, हजारौं बेपत्ता हुँदा, सिङ्गो सरकार, सुरक्षाकर्मी, समाज बाढी पीडितको उद्धार, राहत, पुनर्निर्माणमा जुटिरहेका बेलामा राष्ट्रपति रामचन्द्र पौडेल रसुवा, नुवाकोट, धादिङ, चितवनसम्म पनि पुग्न सकेनन् । न त नियमित जानकारी लिएर निर्देशन नै दिएका छन् । वास्तवमा राष्ट्रपति घटनास्थलमै पुगेर पीडितका साथमा देखिनुपर्थ्यो । राष्ट्रपति किन मानवीयताविहीन र संवेदनहीन बनेका होलान् ? राष्ट्रपतिको राष्ट्रप्रति धर्म हुँदैन ? राष्ट्रिय जिम्मेवारी, जवाफदेहीता हुँदैन ?

## नेपाली कांग्रेस फुट्नबाट जोगिने भयो



लामो खिचातानी, फुट्यो फुट्यो भन्दा भन्दै अन्ततः गगन पक्षले देउवा समूहको मुख्य माग क्रियाशील सदस्यता डिजिटल्ली अद्यावधिक नगरेका सदस्यहरूलाई महाधिवेशनमा सहभागी गराउने निर्णय गरेर फुट्नबाट जोगायो भन्छन् कांग्रेसीहरू । यो निर्णयले पाखा लागिसकेका देउवापक्षका अधिकांश सदस्यलाई १५औं महाधिवेशनको प्रक्रियामा समेटिने भएको छ । यति हुँदा पनि देउवापक्षले घुर्क्याउनकै लागि १४औं महाधिवेशनबाट आएको नेतृत्वले नै १५औं महाधिवेशन गर्न पाउनुपर्छ भनेर संस्थापनपक्षलाई गलाउने प्रयास गरिरहेछन् ।

सभापति गगन थापाले कार्यवाहक सभापति पूर्णबहादुर खड्का र बरिष्ठ नेता डा.शेखर कोइरालासँग सहमति वार्ता गरे पनि देउवाले गगन थापालाई भेट्ने समय दिएका छैनन् । अब देउवापक्ष महाधिवेशनमा भाग लिने बाटो खुलेको छ । तथापि देउवाका दायाँ हात मानिएका डा.प्रकाशशरण महत देउवा समूहले नै १५औं महाधिवेशन गर्न पाउनुपर्ने अत्तो थापेर टेडो कुरा गरिरहेका छन् ।

## सुरक्षाकर्मीको अद्भुत साहसको प्रशंसा

नेपालका सुरक्षाकर्मीको अद्भुत साहस देखेर विश्व नै चकित परेको छ । सेनाले झण्डै ४ दर्जन, प्रहरीले दर्जन बढी आफ्ना सहयोगी बेपत्ता भएको, मृत फेला परेको अवस्थामा शोक नगरी विपद्मा परेका नागरिकको उद्धार, राहतमा जुन साहस देखाएको छ । नेपालको बाढीग्रस्त क्षेत्रमा उपस्थित विश्व समुदायले सुरक्षाकर्मीको साहसलाई प्रशंसा गरेका छन् । प्रधानमन्त्री बालेन साहले पनि सुरक्षाकर्मीको उच्च प्रशंसा गरेका छन्- तपाईंहरूको साहस अद्भुत छ । साथै महाविपद्को समयमा ज्यान जोखिममा राखी उद्धार कार्यमा खटिने र बाढीको महाविपद्मा ९२३ जना कैदीबन्दीको ज्यान बचाउन अदम्य साहस देखाउने ५२ जना सुरक्षाकर्मीहरू धन्यवादका पात्र छन् । स्मरणीय छ, भोटेकोशी बाढीको विपद्मा परेर १३ हजार ३ सय ९१ जनाको उद्धार गरिएको छ भने ४५ सैनिक, २५ प्रहरी र १२ सशस्त्र प्रहरी सम्पर्कविहीन रहेका छन् । उद्धार कार्य जारी छ ।

विपद् क्षेत्रमा उद्धार र राहत कार्यमा नेपाली सेनाका ९ हजार २ सय ८७, नेपाल प्रहरीका ७ हजार ९ सय ७५ र सशस्त्र प्रहरीका ४ हजार २ सय ३ जना जनशक्ति अहोरात्र खटिरहेका छन् । सेनाले बेलीब्रिज निर्माण र हवाई उद्धार, प्रहरीले खोज तथा शव व्यवस्थापन र सशस्त्र प्रहरीले गोताखोर एवं ड्रोनमार्फत उद्धार गरिरहेको प्रधानमन्त्रीले सामाजिक सञ्जालबाट जानकारी दिएका छन् । सुरक्षाकर्मीलाई उत्साह दिंदै प्रम साहले सुरक्षाकर्मीको सेवा, सुरक्षा र सुविधामा कुनै सम्झौता नगर्ने वचन दिएका छन् । सबैप्रति आभार प्रकट गरेका छन् ।

भोटेकोशी बाढी महाकाल बनेर बज्रिएपछि नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले जुन प्रकारले उद्धारमा जुटे, सेना किन चाहिनेरहेछ, सबैले बुझे ।

# राष्ट्रसंघमार्फत न्याय मागिँदै

२ वर्ष विदेश भ्रमणमा नजाने निधो गरेर रातदिन सुशासनका लागि खटिरहेका प्रधानमन्त्री बालेन साह अन्ततः भोटेकोशीले राष्ट्रलाई महाविपद्मा पारिदिएपछि राष्ट्रसंघको शिखर सम्मेलनमा सहभागी हुन जाने भएका छन् । प्रम बालेन साह इतिहासमै सबैभन्दा सानो टोलीका साथ राष्ट्रसंघ पुग्ने, संबोधन गर्ने र विश्वको ध्यान नेपालको विपद्तिर तानेर नेपालले जलवायु परिवर्तनको कारण भोग्नुपरेको महाविपद्को क्षतिपूर्तिको न्याय पाउनुपर्ने आवाज उठाउने र तत्काल स्वदेश फर्कने तालिकासहित परराष्ट्रमा होमवर्क थालिएको एक अधिकारीले बताए ।

०४६ सालपछि हरेक वर्ष प्रधानमन्त्री राष्ट्रसंघ पुग्ने, अमेरिकी राष्ट्रपतिसँग हाईहलो गरेर फोटो खिच्ने र फर्कने परम्पराजस्तै बनेको थियो । गतसाल जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकारका प्रधानमन्त्री गएनन्, यसपल्ट परिस्थिति साह्रै जटिल बनेको छ र त्यो जटिलताको कारण औद्योगिक राष्ट्रहरूले उत्सर्जन गरेको कार्वनका कारण हिमाल पग्लिएको, हिमनदी फुटेको, बाढीले नेपाललाई अस्तव्यस्त, ध्वस्त पारेको परिदृश्य देखाएर नेपाल अन्यायमा परेको आवाज राष्ट्रसंघमा प्रम बालेन साहले गुञ्जायमान गराउने छन् ।

कार्वन उत्सर्जन गर्ने राष्ट्रहरूको पहिलो नम्बरमा चीन, दोस्रोमा अमेरिका, तेस्रोमा भारत र अन्य औद्योगिक राष्ट्रहरू छन् । नेपालले कार्वन उत्सर्जनमा नगण्य भूमिकामा छ । यसकारण विश्वका वातावरणविदहरूले नेपालमाथि अन्याय भएको र क्षतिपूर्ति दिनुपर्छ भन्ने आवाज उठाइरहेका छन् ।

भोटेकोशीमा बाढीको विपद् आएपछि छिमेकी चीन, भारत र अमेरिका लगायतका दर्जनौं राष्ट्रहरूले राहत सामग्री, नगद सहयोग गरेको छन्, घोषणा पनि गरिरहेका छन् । तर मागेको भीख, बाटैमा ठिक भनेझैं दान दातव्यले क्षणिक रूपमा पीडितको घाउमा मलम लगाउन उद्धार र राहतमा सहयोग होला तर पूर्वाधार पुनर्निर्माणमा हात्तीको मुखमा जिरा हुनेछ । पुनर्निर्माण आफैले गर्नुपर्नेछ । तर अन्तर्राष्ट्रिय समुदायले नेपालमाथि जलवायु परिवर्तनको मार परेको, अन्याय भएको अनुभूत गर्नुपर्‍यो र न्याय दिलाउनु पर्नेछ । नेपाल राष्ट्रसंघको १९५५ देखिको सदस्य राष्ट्र हो । यो आधारमा पनि राष्ट्रसंघमा नेपालले उठाउने आवाज विश्वले सुन्ने छ र नेपालले खोजेको न्यायमा विश्व जगतको सहयोग, समर्थन रहने निश्चित छ ।

राष्ट्रसंघमा नेपालले के बोल्छ भन्ने कुराको ०४६ सालपछि कसैले मतलव नै राख्ने गरेका थिएनन् । कि त राजा महेन्द्र, कि वीरेन्द्रले राष्ट्र संघमा बोल्छन् भनेपछि विश्वले कान ठाडो पारेर सुन्ने गरेका थिए । बहुदल र लोकतन्त्रमा नेपालले के बोल्छ भनेर कुनै पनि मुलुकले ध्यान दिने गरेका थिएनन् । बोल्नका लागि जाने, फोटो खिचाएर आउने परम्परा भइसकेको थियो ।

तर यसपल्ट राष्ट्रसंघमा जनताले ऐतिहासिक समर्थन गरेका युवा प्रधानमन्त्री बालेन साहले के भन्छन्, के बोल्छन् भनेर नेपाललाई विश्वले ध्यान दिनेछ । प्रम बालेन साह विश्वको ध्यान आकृष्ठ गर्ने तैयारीका साथ जाँदैछन् ।




असोज ६ गते अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले बोल्नेछन् र त्यही दिन पार्टी पनि दिनेछन् । यो पार्टीलाई विशेष मानिन्छ । त्यो पार्टीमा नेपालको प्रतिनिधित्व प्रम बालेनले गर्नेछन् । फोटो सेसन पनि होला । तर बालेन साह विदेश भ्रमण र फोटो सेसनका लागि अथवा न्यूयोर्कको चमक धमक हेर्न जान लागेका होइनन् । जसरी न्यूयोर्कका मेयर ममदानी अमेरिका र विश्वभरि चर्चित छन्, नेपालका मेयरापछि प्रम बनेका बालेन साह पनि विश्वभरि चर्चित छन् । यी दुबै हिपप गायनबाट राजनीतिमा आएका हुन् । यी दुईको भेटवार्ता पनि महत्वपूर्ण नै मानिने छ । साह्रै छोटो समयका लागि अमेरिका जान लागेका बालेन साहको प्रत्येक कृयाकलापमा विपक्षीहरूले आँखा च्याती च्याती निगरानी गरिरहनेछन् । त्यसै पनि बालेन साहलाई अमेरिकी समर्थन रहेको छ भन्ने गरिएको छ ।

राष्ट्रसंघमा नेपालले ८ गते बोल्नेछ । नेपालको आवाजको ओजन, आजेनको मापन तत्काल राष्ट्रको बैठकबाटै देखिनेछ । यसकारण यो महत्वको भ्रमण हो ।

मूल कुरो प्रम बालेन साहलाई राष्ट्रपति ट्रम्पले भेट्छन् कि भेट्दैनन् ? साइड लाइनमा अमेरिकी अधिकारीहरूसँग भेट हुनेछ । विश्वका नेताहरूसँग पनि साइड लाइनमै भेटवार्ता हुनेछ । ट्रम्पले विशेष भेट दिए भने त्यो धेरै अर्थपूर्ण हुनेछ । नेपालको बाढीको भिडियो हेरेर नेपालले जे माग्छ, नेपाललाई जे चाहिन्छ, दिन तैयार छौं भन्ने अमेरिकी राष्ट्रपतिले प्रम बालेन साहसँग भेटवार्ता गरे भने त्यो नेपालका लागि उपलब्धिपूर्ण हुनेछ । यो अवसरमा नेपालका अन्य समस्या, सम्बन्ध विकासका विषयमा पनि वार्ता हुनसक्छ ।

# कैलाश र तेस्रो ध्रुव : पवित्र भूगोलदेखि साझा जिम्मेवारीसम्म



गालब बहादुर ढुंगाना

आधुनिक सीमाहरूले हिमालयलाई विभाजन गर्नुभन्दा हजारौं वर्षअघिदेखि नै कैलाश पर्वत मानव सभ्यताको एक अद्वितीय पवित्र भूगोलको केन्द्र रहँदै आएको छ । हिन्दू परम्परामा कैलाश शिव र पार्वतीको वासस्थान हो । शिव चेतना र स्थिरताका प्रतीक हुन् भने पार्वती ऊर्जा र सिर्जनाका । बौद्ध, जैन र बोन परम्पराले पनि यही पर्वतसँग आआफ्नै गहिरो आध्यात्मिक सम्बन्ध गाँसेका छन् । योगी र तीर्थयात्रीका लागि कैलाश एउटा रहस्यमय ज्ञानभण्डारजस्तै रह्यो, जहाँ मौनता, ध्यान र आत्मबोधका माध्यमबाट ज्ञानको खोजी गरिन्थ्यो । यी परम्पराहरूले श्रद्धाका माध्यमबाट व्यक्त गर्दै आएको सत्यलाई आधुनिक विज्ञानले आज भौतिक आधारबाट पनि बुझ्न थालेको छ । कैलाश तिब्बती पठार, हिन्दुकुश, काराकोरम र हिमालय समेटिएको विशाल प्रणालीको अंश हो, जसलाई तेस्रो ध्रुव भनिन्छ । आर्कटिक र अन्टार्कटिकाबाहेक पृथ्वीमा सबैभन्दा ठूलो हिउँ र बरफको भण्डार रहेको यो क्षेत्र एसियाको विशाल भूभागका लागि जीवनदायी जलस्रोत पनि हो ।

कैलाशको यो पवित्र र भौतिक दुवै भूगोलसँग नेपालको सम्बन्ध गहिरो छ । कैलाशसँग नेपालको सम्बन्ध आज तीर्थयात्री जाने एउटा मार्गका रूपमा मात्र सीमित छैन । अहिलेको पश्चिम नेपालको कर्णाली क्षेत्रमा जरा गाडेको मध्यकालीन खस मल्ल राज्य गुगे, पुराङ र गाङ्गीसम्म फैलिएको थियो । गाङ्गीले कैलाश, मानसरोवर र राक्षस ताल वरपरको भूभागलाई समेट्थ्यो, जसले कर्णालीको संसारलाई तिब्बती पठारसँग जोडेको थियो । खस मल्ल राज्य समाप्त भएपछि पनि हिमाली नाकाहरू हुँदै व्यापार, तीर्थयात्रा र धार्मिक आदानप्रदान शताब्दीयौंसम्म जारी रह्यो । सन् १८५६ को थापाथली सन्धिले तिब्बतमा नेपालले पाएका महत्वपूर्ण व्यापारिक र कूटनीतिक विशेषाधिकारलाई औपचारिक मान्यता दियो । त्यसको एक शताब्दीपछि सन् १९५६ को नेपाल चीन सम्झौताले पुरानो सन्धि व्यवस्थाको अन्त्य गर्‍यो, तर नेपाल तिब्बत सीमामा व्यापार, आवतजावत र तीर्थयात्रालाई नयाँ व्यवस्थाअन्तर्गत औपचारिक मान्यता दियो । यो इतिहासले आज कुनै भूभागीय दाबी स्थापित गर्दैन । बरू यसले आजका लागि अझ महत्वपूर्ण कुरा देखाउँछ । कैलाश र यस वरपरको हिमाली प्रणाली नेपालको ऐतिहासिक भूगोलसँग मात्र होइन, यसको पारिस्थितिक भविष्यसँग पनि जोडिएको छ ।

र त्यो भविष्य अहिले खतरामा छ । विशाल हिन्दुकुश हिमाली क्षेत्र आठ देशमा करिब ३,५०० किलोमिटरसम्म फैलिएको छ । यही क्षेत्रबाट सिन्धु, गंगा, ब्रह्मपुत्र, मेकोङ, सालवीन, इरावदी, याङ्त्से, ह्वाङ हो, तारिम र आमु दरिया गरी एसियाका दस ठूला नदी प्रणालीले जीवन पाउँछन् । मध्य एसिया र चीनदेखि भारत गंगा मैदान हुँदै दक्षिणपूर्व एसियासम्म झन्डै दुई अर्ब मानिसको पानी, खाद्य, ऊर्जा र जीविका प्रत्यक्ष वा परोक्ष रूपमा यही जल प्रणालीमा निर्भर छ । तर एसियाको यो विशाल जलभण्डार तीव्र गतिमा तातिरहेको छ । सन् २०११ देखि २०२० सम्म हिमनदीहरू अघिल्लो दशकको तुलनामा करिब ६५ प्रतिशत बढी तीव्र गतिमा घटे । हालको उत्सर्जन प्रवृत्ति कायम रहेमा सन् २१०० सम्म अहिलेको हिमनदीको आयतन ८० प्रतिशतसम्म घट्न सक्ने आकलन छ । यसको परिणाम हिमालमै सीमित रहने छैन । बाढी, पहिरो, अस्थिर हिमताल र नदीको बदलिँदो प्रवाहले तल्लो भेगसम्म पानी, खाद्य र ऊर्जा सुरक्षामा गम्भीर असर पार्नेछ ।

हालै नेपालमा भएको विनाशकारी घटनाले यही खतरालाई हाम्रो आँखाअगाडि ल्याइदिएको छ । उच्च हिमाली क्षेत्रमा चट्टान र हिमनदीको बरफको विशाल भाग भत्किएपछि त्यो क्षणभरमै तल्लो क्षेत्रमा विनाशकारी बाढीमा परिणत भयो । यसमा नेपालका आफ्नै जिम्मेवारी पनि छन् । हामीले पूर्वाधार निर्माण गर्दा बढी सावधानी अपनाउनुपर्छ, वास्तविक भूगर्भीय र वातावरणीय अध्ययन गर्नुपर्छ र पूर्वसूचना प्रणालीलाई प्रभावकारी बनाउनुपर्छ । तर विश्वव्यापी तापक्रम वृद्धिको यो संकट नेपालले सिर्जना गरेको होइन । विश्वको कुल हरितगृह ग्यास उत्सर्जनमा नेपालको हिस्सा करिब ०.१ प्रतिशत मात्र छ, जबकि नेपाल विश्वमै सबैभन्दा तीव्र गतिमा परिवर्तन भइरहेका पर्वतीय प्रणालीमध्ये एकको काखमा अवस्थित छ ।





तर जिम्मेवारीको प्रश्नमा दुवै पक्षको यथार्थ स्वीकार गर्नुपर्छ । वायुमण्डलमा पहिल्यै थुप्रिएको कार्बनका लागि सबैभन्दा ठूलो ऐतिहासिक जिम्मेवारी औद्योगीकृत पश्चिमी मुलुकहरूकै छ । तर आजको उत्सर्जनमा चीन र भारतको भूमिकालाई पनि नजरअन्दाज गर्न सकिँदैन । सन् २०२४ मा विश्वव्यापी जीवाश्म इन्धनबाट हुने कार्बन डाइअक्साइड उत्सर्जनमा चीनको हिस्सा करिब ३२ प्रतिशत, संयुक्त राज्य अमेरिकाको १३ प्रतिशत र भारतको ८ प्रतिशत थियो । ऐतिहासिकदेखि आजको जिम्मेवारी एउटै होइनन्, तर कुनैलाई पनि पन्छाउन मिल्दैन । दुवैले यस संकटमा सबैभन्दा कम योगदान गरेका तर त्यसका गम्भीर परिणाम भोगिरहेका मुलुकहरूप्रति दायित्व सिर्जना गर्छन् ।

चीन र भारतले यस क्षेत्रमा विशेष जिम्मेवारी बोक्छन् । दुवै आजका प्रमुख उत्सर्जक हुन्, तेस्रो ध्रुवबाट निस्कने नदीका प्रमुख लाभग्राही हुन् र क्षेत्रीय नेतृत्व दिन सक्ने शक्तिराष्ट्रहरूमध्ये दुई हुन् । यति विशाल हिमाली प्रणालीलाई कुनै एउटा देशले एक्लै जोगाउन सक्दैन । एसियालाई साझा हिमाली सहकार्यको ढाँचा चाहिन्छ । त्यसमा वास्तविक समयमा तथ्याङ्क आदानप्रदान, हिमनदी र अस्थिर भिरालो क्षेत्रको संयुक्त अनुगमन, समन्वित पूर्वसूचना र विपद् प्रतिकार्य, साझा पूर्वाधार मापदण्ड तथा जोखिममा रहेका पर्वतीय मुलुकहरूका लागि जलवायु वित्त समावेश हुनुपर्छ । यसको आधार तयार भइसकेको छ । सन् २०२० मा हिन्दुकुश हिमाली क्षेत्रका आठै देशले आपसी सहकार्यलाई समर्थन गर्दै क्षेत्रीय संस्थागत संयन्त्रको सम्भावनाबारे विचार गर्न सहमति जनाएका थिए । अब नेपाल, चीन र भारतले यस क्षेत्रलाई दिनुपर्ने अर्को घोषणा होइन, त्यस प्रतिबद्धतालाई व्यवहारमा उतार्ने राजनीतिक इच्छाशक्ति हो ।

कैलाशमा यी सबै आयाम एकै ठाउँमा जोडिन्छन् । तीर्थयात्रीका लागि कैलाश सधैं चेतना र आत्मबोधको प्रतीक रह्यो । नेपालका लागि यो आजका कुनै पनि सीमाभन्दा पुरानो ट्रान्स हिमाली इतिहासको अंश हो । विज्ञानका लागि यो झन्डै दुई अर्ब मानिसको जीवन निर्भर रहेको विशाल प्राकृतिक प्रणालीको केन्द्रमा उभिएको छ । हाम्रा पुर्खाहरूसँग न उपग्रह थिए, न जलवायु मोडेल । तैपनि उनीहरूले यी पर्वत, नदी र ताललाई पवित्र माने । प्रकृतिमाथिको मानवीय निर्भरतालाई उनीहरूले श्रद्धाका माध्यमबाट अभिव्यक्त गरे । आधुनिक विज्ञानले आज त्यही निर्भरता कति गहिरो छ भन्ने प्रमाणित गरिरहेको छ । त्यसैले कैलाश र यससँग जोडिएको हिमाली प्रणालीको संरक्षण अब केवल आध्यात्मिक वा वातावरणीय प्रश्न होइन । यी पर्वतसँग भविष्य गाँसिएका हरेक सरकार र हरेक मानिसको यो साझा जिम्मेवारी हो ।

# अनिल जसले पहिरो पन्छाएर बचाए



रतन बहादुर रावल ।

रात दिन नभनी जनताको सेवामा तल्लीन रहने युवा समाजसेवी अनिल बानियाँ फेरि एकपटक संकटको सारथी बनेर उभिएका छन् । जहाँ विपद्, दुःख, कष्ट र संकट निम्तिन्छ, त्यहाँ बानियाँ औषधिको प्याकेट र राहतको हात लिएर पुगिहाल्छन् । अस्पतालमा छटपटाइरहेका दुर्गमका नागरिक हुन् वा आर्थिक अभावले राजधानीका अस्पतालमा उपचार रोकिई छटपटिएका बिरामी, सबैका लागि उनी एउटा बलियो भरोसा हुन् ।

हालैको एउटा दुःखद विपद्मा बानियाँले अदम्य साहस देखाउँदै करिब ७ घण्टाको निरन्तर प्रयासपछि हेलिकप्टर मार्फत डिजेल ढुवानी गर्न सफल भए । यो राहत र उद्धारका बीच एउटा यस्तो दृश्य देखियो, जसले त्यहाँ उपस्थित सबैको आँखा रसायो । विपद्मा आफ्नो सर्वस्व गुमाएर एक्लो सहारामा बाँचिरहेकी एक वृद्धा आमाले अनिल बानियाँको हात समातेर भक्कानिँदै भनिन्– 'बाबु, मेरो सबै थोक लग्यो यो विपत्तिले । अब त केवल म मात्रै जिउँदै छु । सहारा नै गुमाएकी अभागी म, अब कसको हात समाएर बाँचूँ बाबु ?' अझै मानवीयता ज्यूँदे छ भन्ने प्रमाण हो यो ।

## बालबालिकाको राहत कोष



दुःखमा परेकालाई श्री सिद्धार्थ गौतम इन्टरनेसनल बोर्डिङ स्कुल मुगुका विद्यार्थीको यो त्याग । आफूले खाजाका लागि ल्याएको पैसा बचाएर रसुवाका पीडितलाई सहयोग गर्न राहत कोषमा जम्मा गरेका छन् । यसलाई भनिन्छ, नैतिक शिक्षाको देन ।

## पहिरोले मुगुको ढुमगाउँ जोखिममा

माथिबाट पहिरो खस्ने क्रम जारी छ ।मुगुको ढुम गाउँ उच्च जोखिममा परेको छ । स्थानीय बासी त्रसित छन्, सरकारले तत्काल यतातिर पनि ध्यान दिनुपर्ने आवश्यकता परेको छ ।

यो गाउँ मुगुको छायाँनाथ रारा नगरपालिका वडा नं. ५ मा पर्छ । गत भदौ १० गते राति बस्ती माथिबाट आएको पहिरोका कारण त्रसित बनेका गाउँवासीको सास्ती अझै कम हुन सकेको छैन । बस्तीको तल घर र ठीक माथिबाट निरन्तर पहिरो खस्ने क्रम जारी रहेकाले कतिखेर कुन ठुलो दुर्घटना हुने हो भन्ने स्थानीयलाई पिरोलेको छ ।






ढुम गाउँका स्थानीयवासी भन्छन् राति पानी ठूलो परेपछि त रातभर आँखा झिमिक्क गर्न पाइन्न ।

माथि बाट कतिखेर पहिरो आउने हो र कहाँ निर के हो भन्ने त्यत्तिकै मनमा भय र त्रास पालेर बस्न बाध्य ढुम गाउँलेहरू । अन्यत्र जाने सुरक्षित ठाउँ पनि छैन, ढुमा गाउँका स्थानीय बासी केवल रावलले आफ्नो पीडा व्यक्त गर्दै भने - अहिले ढुमा गाउँमा निम्तिएको यो संकटले स्थानीय बासिन्दालाई २०७९ साल असोज २५ गते अविरल वर्षाका कारण भोगेको पुरानै विनाशकारी यादले झस्काएको छ । त्यतिबेला पनि मुगुका विभिन्न क्षेत्रमा पहिरोले ठुलो धनजनको क्षति पुऱ्याएको थियो । पुरानै त्रासदी ब्यूँतिने डरले विशेष गरी बालबालिका, सुत्केरी महिला र वृद्धवृद्धाहरू बढी प्रभावित भएका छन् । भौगोलिक रूपमा विकट र अन्यत्र सुरक्षित आश्रयस्थल नभएका कारण ढुमा गाउँका दर्जनौं परिवार जोखिम मोलेरै बस्न विवश छन् । एक त गरिबी, त्यसमाथि शिरमाथि खतरा ।

नेपाल सरकार
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण
सिंहदरबार, काठमाडौं
आपत्कालीन सहायता/हेल्पलाइन नम्बरहरू:
सशस्त्र प्रहरी बल : १११४
नेपाल प्रहरी: १००
एम्बुलेन्स: १०२
DEOC: १२३४
सहायक प्रमुख जिल्ला अधिकारी, रसुवा: ९८५११६४४२२
रसुवा प्रहरी: ९८५१२५४९६०
सहायक प्रमुख जिल्ला अधिकारी, नुवाकोट: ९८५१२४८७७७
नुवाकोट प्रहरी: ९८५१२८२३८०
प्रमुख जिल्ला अधिकारी, धादिङ: ९८५१२४७७७७
धादिङ प्रहरी: ९८५१२२९८६०
सहायक प्रमुख जिल्ला अधिकारी, चितवन: ९८५५०८८८९१
चितवन प्रहरी: ९८५५०१३९९९
आपत्कालीन स्वास्थ्यसम्बन्धी सहयोग, जानकारी तथा समन्वयका लागि हेल्पलाइन १११५
आपत्का बेला नआत्तिऔँ, सजग र पूर्वतयार रहौँ।
यो जानकारी आफन्त तथा साथीभाइमा सेयर गरी सुरक्षित रहन सहयोग गरौँ।

# हिमालयबाट निरन्तर चेतावनी आइरहेका छन्




हिन्दु धर्मग्रन्थहरूका अनुसार आजभन्दा ५००० वर्ष पहिले यस पृथ्वीमा शासन गर्ने राजाहरू र शासकहरूको क्रूर व्यवस्थाले गर्दा जताततै हत्या, हिंसा, आतङ्क, लुटपाट आदि भैरहने भएर धरती मातालाई यस्तो अवस्थाको सहन गर्न ज्यादै कठिन हुन गएछ । आफ्नो यो व्यथालाई लिएर पृथ्वी माता एक महिलाको भेष धारण गरी सृष्टिकर्ता ब्रह्मासमक्ष गएर आफ्नो दुःखेसो पोखिछन् । ब्रह्माले यो कुरालाई लिएर उनै दयालु परमात्मा परमेश्वर जगतपति विष्णु भगवान्सामु गएर स्तुति-प्रार्थना गर्न लागेछन् । ब्रह्माको यस्तो स्तुतिपूर्ण आग्रहलाई विष्णु भगवान्ले स्वीकार गरेर आफू अब छिट्टै मानव अवतार लिएर धरतीमा गई दुष्टहरूको संहार गरी साधु-सज्जनहरूको उद्धार गर्ने आश्वासन दिएछन् । यही आफ्नो कबुलअनुसार विष्णु भगवान्ले आठौँ अवतारको रूपमा द्वापरयुगमा श्रीकृष्णको अवतार लिएर देवकीको कोखमा जन्म लिएका हुन् भन्ने प्रसङ्ग विभिन्न हिन्दु पुराणहरूबाट अवगत हुन्छ ।

कतिपय वैदिक दर्शन र हिन्दु धर्मवेत्ताहरूले त यस धरतीमा भएको श्रीकृष्णको उदय विष्णु भगवान्को अवतारको रूपमा नभई श्रीकृष्ण साक्षात्कार परमात्मा परमेश्वरको रूपमा प्राकट्य भएका हुन् भनेर व्याख्या गर्दै गरेको पनि पाइन्छ । यसै सन्दर्भमा कृष्णोपनिषद्मा भनिएको छ- शेषनागो भवेत् रामः कृष्णो ब्रह्मैव शाश्वतम्, अर्थात् बलरामलाई शेषनागका अवतार र श्रीकृष्णलाई सनातन परब्रह्मकै स्वरूप हुन् भनेर मानिएको छ । श्रीमद्भागवत महापुराणले अरू अवतारहरू परब्रह्मका अंशस्वरूप हुन्, तर श्रीकृष्ण भने पूर्णावतार स्वयं भगवान् नै हुनुहुन्छ भनी बताइएको पनि पाइन्छ ।

विसं २०८३ सालका लागि श्रीकृष्णको जन्म भएको दिन अर्थात् जन्माष्टमी पर्व भदौ १९ गते शुक्रबारका दिन रहेको हिन्दु पञ्चाङ्ग (हाम्रो पात्रो)ले जनाएको छ ।

मथुरा भारतको उत्तर प्रदेशस्थित यमुना नदीको किनारमा रहेको एक सुन्दर नगर हो । त्यतिबेला यहाँ उग्रसेन नाम गरेका एक कुशल तथा धर्मपरायण राजाले राज्य गर्दथे । यिनका दुई सन्तान थिए, कंश नाम गरेको एक छोरा र देवकी नाम गरेकी एक छोरी । देवकीको विवाह सुरसेनका सत्यवादी पुत्र वसुदेवसँग बडो धुमधामका साथ सम्पन्न भयो । हर्षले उन्मत्त हुँदै कंश आफैँले रथ हाँकेर आफ्ना बैनीज्वाइँलाई लिएर बाटोमा जाँदै थियो । केही पर पुग्दा अचानक आकासतिर गड्याङगुडुङ गर्दै एक उत्पात हुरी-बतास लाग्न थाल्यो । रथसहित जन्तीको लस्कर रोकियो । यसै समयमा माथिबाट एक आकाशवाणी भयो- हे कंश ! अहिले तँ हर्षले अटाई नसक्नु भएर रथ हाँक्दै बैनीज्वाइँलाई लिएर कुदिरहेको छस् । हेर, सुन ! तेरी बैनी देवकीको आठौँ गर्भ तेरो काल बनेर आउने छ ।

यो सुनेर कंश केही बेर अकमकियो अनि खटपटिएर रिसले चुर भई हातमा तरबार समाएर आफ्नी बैनी देवकीलाई काटेर मार्ने अठोट गऱ्यो । यो देखेर वसुदेवले दुवै हात जोडी बिन्ती गर्दै देवकीबाट जन्मने सबै सन्तान मैले तपाईंलाई सुम्पने छु, अहिले बैनीलाई मार्ने काम नगर्नु हवस् भने । वसुदेव एक सत्यनिष्ट हुनाले उनको आग्रह कंशले स्वीकार गऱ्यो । तर, उनीहरू दुवैलाई हतकडी लगाएर एक घरभित्र लगेर नजरबन्द गरी राख्न सैनिकहरूलाई आदेश दियो । देवकीबाट जन्मने सन्तानको कडा निगरानी राख्नका निम्ति आफ्नी विश्वासपात्र बैनी पुतना पहरेदारको रूपमा खटायो ।

आकाशवाणीको भरमा वसुदेव र देवकीप्रति कंशले गरेको व्यवहारबाट उग्रसेन रूष्ट भएका थिए । यो कुराको पत्तो पाएपछि कंशले उल्टै आफ्ना पिता उग्रसेनलाई हतकडी लगाई जेलमा हालेर आफू स्वघोषित राजा भयो । अब जे गर्न पनि अथाह शक्ति उसैमा केन्द्रित हुन गयो । मथुरा राज्यभरि आतङ्कको सुरूवात हुन थाल्यो । देवकीबाट सन्तान जन्मन सुरू भएपछि छवटासम्म सन्तान कंश आफैँले देवकीको कोखबाट खोसेर ढुङ्गामा छाँटी-छाँटी मारिदियो । देवकीको सातौँ सन्तान तुहिएर गयो भन्ने बहाना बनाएर वसुदेवले आफ्नी दोस्री पत्नी रोहिणीको कोखमा योगमायाको दैवीशक्तिद्वारा पठाएर बचाए, जो बलराम थिए । देवकीको आठौँ सन्तानको रूपमा श्रीकृष्णको जन्म कारागारमै भयो । यो समयमा बिजुली चम्केर भारी वर्षा भयो । कारागारमा झलमल बत्ती बलेझैँ भयो । त्यतिबेला भाद्रमास कृष्णपक्ष अष्टमी तिथिको मध्यकालरात्रि थियो । आकासबाट पुष्पवृष्टि हुन थाल्यो । स्वर्गमा नाचगान र बजानसहित देवताहरूलगायत सबैले हर्ष मनाए ।

बालक कृष्णलाई गोकुलमा लगी यशोदालाई सुम्पने र त्यहाँ जन्मेकी छोरीलाई यहाँ कारागारमा लिएर छिट्टै आउने भन्ने वसुदेवलाई आकाशवाणी भयो । उनको शरीरमा लगाइएका हतकडी, द्वारहरूका ढोकाहरू सबै आफैँ खुले । द्वारपालेहरू निद्रामा परेजस्ता भए । बालक राखेर लैजाने टोकरी त्यहीँ पैदा भयो । देवकी मस्त निद्रामै थिइन् । यसैबेला मध्यरातमा वसुदेवले बालक कृष्णलाई टोकरीमा राखेर लिई हिँडे । भारी वर्षाका कारण यमुना नदी समुद्रझैँ थियो ।

नदीको पानीले बालक कृष्ण रहेको टोकरी र वसुदेवको टाउकोबाहेक अरू सबै डुबेको थियो । अनन्तः शेषनागले आफ्ना टाउकाहरूले कृष्ण र वसुदेवलाई छत्र बनाएर सुरक्षित पारेका थिए ।

वसुदेवले यमुना नदी तरेर गोकुलमा गई बालक कृष्णलाई यशोदाको बिस्तरामा सुताए । त्यहाँ भएकी छोरीलाई उठाएर लिई उत्तिखेरै कारागारमा पूर्ण सुरक्षितरूपले आइपुगे । दिनभरिको थकानका कारण मस्त निद्रामा भएर यशोदा मैयाँलाई बच्चा साटेर लगेको पत्तै भएन । भोलिपल्ट बिहान ब्युँझेर आफ्ना आडमा हेर्दा त एक अति सुन्दर र तेजस्वी बालक, उनी आश्चर्यचकित भइन् ! यशोदा मैयाँको मन हर्षले

भरियो । नन्दबाबा पनि यो देख्दा अति हर्षित भए । धुमधामका साथ छोरो जन्मेको उपलक्ष्यमा हर्षबढाइँ गरियो । दिन पुगेपछि बलराम र कृष्ण दुवैको नामकरण संस्कार सम्पन्न भयो ।

ऋषिमुनिहरूले बलरामलाई अनन्त शेषनागका अंश-अवतार र कृष्णलाई साक्षात् त्रिलोकपति भगवान् विष्णुका प्रारूप हुन् भनेपछि सम्बन्धित सबैमा हर्षको सीमा रहेन । दुवै भाइ औँसीपछिका चन्द्रमाझैँ बढ्दै हुर्कंदै गए । कृष्णले अद्भुत बाललीला प्रदर्शन गरे । राधा-गोपिनीहरूसँगको संयोगपछि यस धरातलमा रहने सबै प्राणीहरूको मन-मस्तिष्कमा माया, मोह, ममता, प्रेमको जालो फिँजाइदिए, जसको रसपान आज सबैले गर्न पाएका छन् ।

वसुदेव गोकुलबाट छोरीलाई लिएर कारागारमा आउँदाबित्तिकै बच्चा च्याहाँ गरेर रोई । त्यसपछि सबै पालेहरू जऱ्याकजुरूक उठे । त्यसरात भारी वर्षा भएर मथुरा जलाम्मे हुनाका कारण पुतना कारागारमा आएकी थिइनन् । आठौँ गर्भ छोरो हुने भनिएकोमा कसरी छोरी जन्मी ? यो सबैलाई ज्यादै चासोको विषय भयो । कंश आएर त्यहाँ भएका सबैलाई धरपकड पारेर सोध्यो । पुतनाले ज्यान बचाउनका निम्ति छोरी जन्मेको मैले मेरा यी आँखाले नै देखेकी हुँ भन्दै झूट बोली । यसपछि कंशले बच्चीलाई देवकीको कोखबाट लुछेर ल्याई ढुङ्गामा रिसले बेस्सरी छाँट्न खोज्दा उक्त बच्चा आकासमा उडेर बडो चमत्कारी ढङ्गले चतुर्बाहुरूपी एक देवीको रूपधारण गरेर भनिन्- हे दुष्ट ! मलाई मारेर तँलाई के पो मिल्छ र ? तँलाई मार्नेवालाको यस धरतीमा कहीँकतै जन्म भैसकेको छ । हिन्दु धर्मग्रन्थमा योगमाया यिनै हुन् भनेर भनिएको पाइन्छ ।

कंशमा कृष्णप्रतिको रिस झन्झन् बढ्दै गयो । राज्यभर जन्मेका नवजात शिशुहरू सबैलाई मार्न सेनालाई आदेश दियो । जताततै कोलाहल मच्चन थाल्यो । हत्या, हिंसा, दमन बढ्दै गयो । प्रजाहरू दिनप्रतिदिन असुरक्षित हुँदै गए । यसैबीच, बालक कृष्णलाई मार्न भनेर पुतना, अकासुर, बकासुर, प्रलम्बासुरजस्ता भयङ्कर डरलाग्दा र शक्तिशाली राक्षसहरूलाई कंशले पठायो । तर, उल्टै ती सबैलाई बालक कृष्णले मारिदिए । कंशको पापको घडा भरिँदै जान लाग्यो । एकपटक बलराम र कृष्णलाई बोलाएर मार्न भनी कंशले यौटा यज्ञको आयोजना गऱ्यो, जहाँ शिव-धनुष सजाएर राखिएको थियो । त्यस यज्ञमा आएपछि कृष्णले उक्त शिव-धनुष भाँचिदिए ।

उनीमाथि जाइलागेका कैयौँ सैनिकहरूलाई दुवै भाइ मिलेर वध गरिदिए । कंशको यो योजना सफल हुन सकेन । अर्कोपटक ख्यातिप्राप्त पहलमानहरूलाई बोलाएर द्वन्द्व-युद्ध गराई बलराम र कृष्णलाई मार्नका निम्ति आफ्नो राजदरबार प्राङ्गणमा एक विशाल भेलाको कंशले आयोजना गऱ्यो । बलराम र कृष्ण त्यहाँ आउँदै गर्दा मूलढोकामा मदिरा खुवाएर राखिएको बलवान् हात्तीलाई कृष्णले मारिदिए । द्वन्द्व-युद्धमा दुवै भाइले सबै पहलमानलाई परास्त गरेर मारिदिए ।

त्यसपछि त्यहाँ भयङ्कर युद्ध सुरू भयो । कंशलगायत उसका सबै सैनिकहरू मारिए । कंशबाट पीडित प्रजाहरूले कृष्ण र बलरामको जयजयकार गर्न लागे । देवकी र वसुदेवको कारागारबाट रिहाइ भयो । उग्रसेनलाई कारागारबाट मुक्त गरेर राजसिंहासनमा राखियो । मथुरा र गोकुलवासीका लागि सुख, शान्ति र खुसीका दिन उदय हुन गयो । यो समयमा कृष्ण भगवानको उमेर जम्मा ११ वर्षको थियो । कृष्ण स्वयंले यमुना नदीको पानी दूषित पार्ने कालिया नागसँग युद्ध गरेर परास्त गरी उसलाई त्यहाँबाट लखेटेर नागलोकतिर पठाएका थिए ।

यसरी कृष्णबाट कैयौँ दुष्ट र शक्तिशाली राक्षसहरूको वध गरेर लोककल्याणकारी काम हुँदै गयो । दुष्ट र अधर्मी कौरवहरू, राजा-महाराजाहरू, भ्रष्टाचारीहरू सबैलाई महाभारत युद्धमा मारेर साधु-सज्जनहरू, सन्त-महन्तहरू, ब्राह्मणहरू, धर्मपरायण पाण्डवहरूको रक्षा गरी यस धरतीमा धर्मको पुनःस्थापना कृष्णबाटै भयो । हिन्दु धर्मग्रन्थहरूमध्ये सर्वश्रेष्ठ ग्रन्थ श्रीमद्भागवतगीताको प्रादुर्भाव श्रीकृष्णको मुखारबिन्दुबाटै भएको हो, जसको सविस्तार अंश महाभारत युद्ध ताका अर्जुनलाई सबैभन्दा पहिले श्रवण गराइएको थियो । गीता अहिलेसम्मको एकमात्र यस्तो हिन्दु ग्रन्थ हो, जुन विश्वका १०० भन्दा बढी भाषाहरूमा अनुवादित भैसकेको छ । संसारका कैयौँ दार्शनिकहरूले निकट भविष्यमा विश्व हिन्दुमय हुनेछ भनी भविष्यवाणी गरेका छन् । श्रीकृष्णलाई विष्णु भगवानका प्रारूप भगवानका पनि भगवान् हुन् भनेर भनिन्छ ।

यस धरतीमा १२५ वर्षसम्म रही सीधासादा प्रजाहरूलाई शान्तिपूर्वक बस्न र बाँच्न पाउने वातावरण सिर्जना गरिदिएर श्रीकृष्ण गोकुलधाम गए । त्यतिबेला उनले भनेका थिए- म गए पनि धर्म श्रीमद्भागवत महापुराणमा रहने छ । त्यसैले त भन्ने गरिन्छ- भागवत, पुराणहरू, उपपुराणहरू, उपनिषद्, वेदहरू आदि सबै श्रीकृष्णका वाङ्मय हुन् ।

कृष्णाष्टमी : वैदिक सनातन धर्मका अनुयायीहरूका लागि एक अत्यन्त महत्त्वपूर्ण र पवित्र पर्व हो। यो केवल एउटा धार्मिक पूजाआजामा सीमित नभई पौराणिक गाथा, आध्यात्मिक दर्शन र आधुनिक जीवनशैलीसँग प्रत्यक्ष जोडिएको उत्सव हो।

१. पौराणिकता :

भगवान् कृष्णको जन्मः भाद्र कृष्ण अष्टमीको मध्यरातमा भगवान् विष्णुको आठौँ अवतारका रूपमा श्रीकृष्णको जन्म भएको मानिन्छ।

पापमाथि धर्मको विजयः मथुराको कारागारमा जन्मिएका कृष्णलाई वसुदेवले उग्र नदी पार गराई गोकुलका नन्द र यशोदाकोमा पुऱ्याएका थिए।

लीला र प्रसङ्गः बाल्यकालका बाललीला (माखन चोरी, कालिया नाग दमन) देखि महाभारतको युद्धसम्मका घटनाहरूले सत्य र न्यायको पौराणिक इतिहास दर्शाउँछन्।

२. आध्यात्मिकता :

गीताको सन्देश (कर्मयोग): श्रीकृष्णले अर्जुनलाई दिएको श्रीमद्भगवद्गीताको सन्देश– "कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन" (कर्म गर, फलको आशा नगर)–मानव जीवनको सबैभन्दा ठूलो आध्यात्मिक मार्गदर्शन हो। आत्मज्ञान र भक्तिः कृष्ण शब्दको अर्थ 'आकर्षित गर्ने' हुन्छ। परमात्मा र आत्माको मिलन, निस्वार्थ प्रेम तथा निष्काम कर्म नै यसको मुख्य आध्यात्मिक मर्म हो। आन्तरिक विकारमाथि विजयः कंसलाई अहङ्कार र पापको प्रतीक मानिन्छ भने श्रीकृष्णलाई ज्ञान र विवेकको। आफ्नो भित्री अहङ्कार र अज्ञानतालाई समाप्त गर्नु नै यस पर्वको वास्तविक आध्यात्मिक अर्थ हो।

३. आधुनिकता :

तनाव व्यवस्थापन र नेतृत्वः आधुनिक युगमा गीता र कृष्णको जीवनदर्शनलाई प्रभावकारी 'स्ट्रेस म्यानेजमेन्ट' र 'लीडरसिप' (नेतृत्व कला) को रूपमा अध्ययन गरिन्छ। सांस्कृतिक निरन्तरता र सामाजिक एकताः दही-हान्डी (रथयात्रा र झाँकीहरू) जस्ता गतिविधिले युवाहरूमा उत्साह, सहकार्य र टोली भावना बढाउँछ।

सकारात्मक दृष्टिकोणः जस्तोसुकै विषम परिस्थिति (जस्तै कारागारमा जन्मिनु) मा पनि नआत्तिई शान्त र मुस्कुराएर समाधान खोज्ने कृष्णको व्यवहार आधुनिक मानिसका लागि प्रेरणाको स्रोत हो। कृष्णाष्टमी, हामीले पनि यसदिन सच्चा भावले भगवतभक्ति गर्न सकियो भने भगवान्जस्तै सन्ततिको जन्म दिन पाइन्छ भन्ने आमहिन्दु परम्परामा जनविश्वास छ ।



अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज क्यानबेराको अध्यक्ष महता घिमिरेको अध्यक्षतामा क्यानबेरामा आयोजना गरेको 'शब्दमा शक्ति, सिर्जनामा स्वतन्त्रता' विषयक तीज विशेष साहित्यिक कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । कार्यक्रमको विशेष आकर्षणका रूपमा मेलबर्न, सिड्नी, अल्बरी र क्यानबेराबाट प्रतिनिधित्व गर्दै १२ जना महिला कविहरू–महता घिमिरे चापागाईं, दिव्यश्री आचार्य, भावना पराजुली, रोसनी खड्का, रिचा गौतम, सानु घिमिरे 'ज्योत्सना', सम्झना उप्रेती, शान्ति ढकाल अधिकारी, अञ्जना कार्की, प्रज्ञा पानेरू, अश्मा बुढाथोकी र ममता तिवारी–ले महिला, पहिचान, सशक्तीकरण तथा सामाजिक विविध विषयमा आफ्ना सशक्त कविता प्रस्तुत गरेका थिए । सबैलाई आफ्ना सिर्जना र आवाजमार्फत साहित्यिक वातावरणलाई समृद्ध बनाएका थिए ।

यस कार्यक्रमको परिकल्पनाकार सानु घिमिरे, कार्यक्रमका मार्गदर्शक सौरभ किरणले गरेका थिए ।

## हराएको साथी



भदौ १९ गते होमनाथ खनालको 'हराएको साथी' लोकार्पित भएको छ ।

स्रष्टा होमनाथ खनालको तेस्रो कृति हो यो । मिलाप मासिक र साहित्यिक पत्रकार संघको संयुक्त आयोजनामा आज काठमाडौंमा आयोजित विशेष समारोहबीच महाकाव्यकार खेमनाथ दाहालको प्रमुख आतिथ्यतामा उक्त कृति लोकार्पण गरिएको हो । साहित्य, कला र संगीत क्षेत्रका विभिन्न व्यक्तित्वहरूको उपस्थितिमा आयोजित कार्यक्रममा प्रमुख अतिथि महाकाव्यकार दाहाल, साहित्यिक पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, मिलाप मासिकका सम्पादक कृष्ण भुसाल, गीतकार संघ नेपालका अध्यक्ष वसन्त वित्यासी थापा, विशिष्ट कलाकार लय संग्रौला, विश्व कीर्तिमानी संगीतकार तथा उपन्यासकार सन्तोष श्रेष्ठ, स्रष्टा होमनाथ खनाललगायतका व्यक्तित्वहरूले संयुक्त रूपमा 'हराएको साथी' लोकार्पण गर्नुभएको थियो ।



## नेपाल जेष्ठ–जन समाजको २५औं वार्षिक साधारणसभा

काठमाडौं, जेष्ठ नागरिकहरूको हकहित, सम्मान र सामाजिक सुरक्षाका लागि २०५२ सालमा स्थापित गैरनाफामूलक तथा गैरराजनीतिक संस्था नेपाल जेष्ठ-जन समाजको २५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । समाजका अध्यक्ष नरेन्द्रबहादुर श्रेष्ठको सभापतित्वमा सम्पन्न सभामा समाजका संस्थापक सदस्य तथा पूर्व अध्यक्ष श्रीमती रामवदन जोशी प्रमुख अतिथि तथा जेष्ठ नागरिक महासंघ, नेपालका निवर्तमान अध्यक्ष श्री छत्रबहादुर प्रधान, समाजका आजीवन सदस्य एवं पूर्व उपाध्यक्ष तथा सीमाविद् श्री बुद्धिनारायण श्रेष्ठ र समाजका सल्लाहकार श्री नातिकाजी महर्जन विशेष अतिथि हुनुहुन्थ्यो । सभामा उपाध्यक्ष गोपालप्रसाद दुलालले समाजका गतिविधिबारे संक्षिप्त जानकारी दिनुभएको थियो ।

गत भदौ १० गते हिमताल फुटेर रसुवाको भोटेकोशी क्षेत्रमा आएको बाढीबाट ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जलि अर्पण गर्दै सभामा एक मिनेट मौनधारण गरिएको थियो । साथै बेपत्ता भएकाहरूको शीघ्र खोजी तथा घाइतेहरूको स्वास्थ्यलाभको कामना गरिएको थियो। बाढीपीडितको सहयोगका लागि जेष्ठ नागरिकहरूबाट तत्काल रू. ७४,६४०।- सहयोग रकम संकलन भएको थियो । उक्त रकम प्रधानमन्त्री राहत कोषमा जम्मा गर्ने निर्णय सभाले गरेको छ ।

कविता
अकल्पनीय दैवीप्रकोप



- उषा केसी

आयो... आयो
ऊ क्षणभरमै आयो
कल्पना गर्नै नसक्ने गरि आयो
सिङ्गो नेपाललाई रुवाउन
ऊ आयो
बिना सूचना आयो
काल बनेर आयो
छाल बनेर आयो
भेल बनेर आयो
र, बगायो भान्छामा पाक्दै
गरेका खुसीहरू
सेकेन्डभरमै लडायो
जीवनभरिका सपना
बोकेका घरहरू, मुछेर भेलमा
थरिथरि गन्तव्यमा
हिँडेका मान्छेहरू
हो तिमीले बनायौ सबैलाई
एकै चिहान ।
स्याफ्रुबेँसी, बेत्रावती
टिमुरे, रसुवागढी
अनि त्रिशूली बजार
बगायौ पलभरमै !
अहो कस्तो भेल हौ तिमी
कसैले नचिताएको
कस्तो वेग हौ तिमी
कसैले नसोचेको
बनाएर उजाड घरपरिवार
ओ त्रिशूली
हिलोमा गाडेर खुसीहरू
केवल आँसु दियौ, आँसु ।
रसुवा, नुवाकोट, धादिङ र
चितवन, बनायौ खण्डहर
निल्यौ मेरो देशका सन्तानहरू
ओ त्रिशूली !
ज्यानमारा त्रिशूली...
तिमी यो रूपमा
आयौ कसरी ?
अहँ पत्याएकै थिएनन् कसैले
तर तँ विभत्सता बोकेर आइस्
रुवाएर सारा मानवलाई
मानवबली खाइस्
ओ त्रिशूली
लिऊ सम्झिएर ज्यान
उन्मुक्त भइस्...
ती विद्यार्थी, ती शिक्षक
ती सुरक्षाकर्मी, ती कर्मचारी
ती मजदुर, ती व्यापारी
ती पर्यटक, ती चालक
ती स्वास्थ्यकर्मी, ती बैङ्कर
ती इन्जिनियर, ती पत्रकार
ती दर्शनार्थी
अँहँ कोही बाँकी राखेनौ तमीले
कस्तो निर्दयी
दैवीप्रकोप काल
बनेर आयो
असहाय बनायो
सोहोरेर लग्यौ ।


## प्रीति पुष्करिणीभित्र पसेपछि



अरूणबहादुर खत्री

कवि खगेन्द्र गिरि 'कोपिला' को प्रीति पुष्करिणी नामक कवितासङ्ग्रह २०८२ सालमा प्रकाशित भएको छ। यो उनले लेखेको पहिलो कवितासङ्ग्रह हो । यसभित्र क्रान्ति, जेन्जी, भुइँचालो, बाटो, अडिँदैनन् बुद्धहरू लगायत विभिन्न शीर्षकका ६६ वटा कविता समावेश गरिएका छन् । क्रान्ति शीर्षकको पहिलो कवितामा एउटा विन्दुबाट हिँडेका हौं तिमी पनि एउटा विन्दुबाट हिँडेको हुँ म पनि तिमीले हेरेका थियौ सपना मैले गरेको थिएँ रहर भनेर कविले लेखेका छन् । जेन्जी शीर्षकको कवितामा अब कसरी निभाउँछौ तिमी तिम्रो हत्केलाबाट फुत्किएर दावानल भएको आगोलाई ? अब कसरी उभ्याउँछौ तिमी डढेर ढलेको सिंहदरबारलाई ? भनेर कविले प्रश्न गरेका छन् । एकाएक धर्ती हल्लियो आकाश थामिए जस्तो भयो घाम र जुन जुध्न थाले जमेको पोखरी छचल्कियो रूख-बिरूवा कराउन थाले भनेर कविले भुइँचालो शीर्षकको कवितामा लेखेका छन् । यही बाटोले हो मलाई हिँडाएको सपनाको भारी बोकाएर यही बाटोले हो मलाई सिकाएको आत्ममुग्धताको यात्रु बन्न भनेर कवि खगेन्द्रले बाटो शीर्षकको कवितामा लेखेका छन् ।

कतै यी अक्षर पनि
भ्रष्ट भइसकेका त छैनन्
ऊ जस्तै ?
जति गरे पनि आजभोलि
उसको डायरीमा
अडिँदैनन् बुद्धहरू ।




कवि खगेन्द्रले अडिँदैनन् बुद्धहरू शीर्षकको यस कवितामा कतै यी अक्षर पनि भ्रष्ट भइसकेका त छैनन् ऊ जस्तै ? जति गरे पनि आजभोलि उसको डायरीभित्र बुद्धहरू अडिँदैनन् भनेर लेखेका छन् । आकाश उही धर्ती उही वायु, जल र अग्निको सन्तुलन पनि उही छ रूप, रस, गन्ध, स्पर्श र शब्दले पार्छ समान रूपमा प्रभावित हामीलाई एउटै भोजन भनेर शत्रु शीर्षकको कवितामा कविले लेखेका छन् । पहिलो साक्षात्कार शीर्षकको कवितामा आएका हरेक दिनहरूले आ-आफ्नै कथा सुनाएर गए मलाई गएका प्रत्येक रातहरूले आ-आफ्नै व्यथा लेखाएर गए मलाई भनेर कविले लेखेका छन् ।

थुप्रै प्रेम छ मेरो यो पारिलो मङ्सिर महिनालाई मनभित्र शिरफूल फुलेको प्रेमिल महिना हो मङ्सिर फाल्गुन जस्तै फाल्गुनी लाग्छ मलाई यो मङ्सिर पनि वैशाखजस्तै वैशाखी भइदिन्छ मेरो निम्ति यो मङ्सिर महिना जुनसुकै याममा पनि भनेर कविले प्रिय मङ्सिर शीर्षकको कवितामा लेखेका छन् । बुवा शीर्षकको कवितामा ए बुवा ! एउटा अग्लो हिमालजस्तो आशा र भरोसाको दरिलो छायाले सलबलाएर सधैं मभित्र एकाकार गर्न खोजिरहन्छ हजुरसित मलाई भनेको छ ।

कवि खगेन्द्रका कविता छोटाछरिता, कसिला, रसिला र शब्दसंयोजनले सुसज्जित छन् । कविताको संरचना, भाव, विषय र विचारले सुललित र अर्थपूर्ण छ । आजको समयका उतारचढाव, खस्किदो सामाजिक मूल्य र राजनीतिक अव्यवस्थाका पीडा यी कवितामा उठाइएका छन् । यी कविताले साहित्यप्रेमीहरूलाई नौलो स्वाद दिने छन् भन्ने मेरो भनाइ छ ।

हाम्रो पनि समय आउने छ
समय नआएकाहरू भन्ने गर्छन्
तिम्रो पनि समय आउने छ
समय आइसकेकाहरू भन्ने गर्छन् ।

आगो हुँ म शीर्षकको कवितामा म आगो हुँ आऊ सल्काऊ मलाई म सल्किदिन्छु तिम्रो इच्छाअनुसार आऊ जलाऊ मलाई भनेको छ । परिचय शीर्षकको कवितामा म म बनिनँ तिमी तिमी बनेनौ ऊ ऊ बनेन हामी हामी बनेनौ भनेर लेखिएको छ । गन्तव्य शीर्षकको कवितामा ऐनाले कहिल्यै नढाटेजस्तो बाटोले कहिल्यै नफर्केजस्तो आँखा चिम्लेर पढ्न बसेको ढोका थुनेर भित्र पस्न तम्सेको चर्केको ऐना हेरेर नै मक्ख पर्नुपरेपछि आफैं फेरिदो रहेछ समय आफै थामिदो रहेछ गति भनेको छ ।

आफ्ना सबै परिचयहरूबाट
निवृत्त भएर
ढुकढुकी थामिएपछिको
अन्तिम शान्तिलाई भेटेर आएको ।

यस कवितासङ्ग्रहभित्रको कविता शीर्षकको अन्तिम कविताले आफूले लेखेका कवितालाई कहिल्यै कविता भन्न सकिनँ मैले अरूले लेखेका कविता पनि कविताजस्ता लागेनन् मलाई कविता त स्वयम् कविताले कविता हुँ भनेपछि मात्रै कविता हुने रहेछन् भनेको छ । अन्तमा कवि खगेन्द्रको साहित्यतर्फ कलम अगाडि बढ्नै जाओस् भन्न चाहान्छु ।

विधा: कविता
लेखक: खगेन्द्र गिरि 'कोपिला'
प्रकाशक: सर्वदा साहित्य सङ्गम, नेपालगन्ज
प्रकाशन: २०८२ माघ, बसन्त पञ्चमी मूल्य: रू.२५०।- पृष्ठ: १२८

## तिमीसँग बिताएका पल मैले भुल्नु कसरी ?

तिमीसँग बिताएका पल मैले भुल्नु कसरी
सुवास बिनाको फूलझैं भएर फुल्नु कसरी
तिमी साथमा नहुँदा वर्षात् मात्रै हुन्छ भने
पानी परेपछिको आकाशजस्तै खुल्नु कसरी ?



**- गंगा खड्का**

कोरा कागजमा जिन्दगीको परिभाषा कोर्दैछु
पापी संसारी माया बिर्साउने सामान जोर्दैछु
मनुष्य चोलाको तारतम्य अबिचलित बनाउने
प्रेमको सागरमा डुबुल्की मार्ने ईच्छा छोड्दैछु ।



**- देवी काफ्ले**

झुटको आँसु झारेर, कस्तो अभिनय गर्छौ,
आफ्नै स्वार्थ लुकाएर, कस्तो विनय गर्छौ
सत्य बोल्दा दोषी बनायौ, झुटलाई माया दियौ,
वाह! तिमी त आँसुबाटै, कस्तो व्यापार गर्छौ ।



**- अर्जुन अधिकारी**

जनताको आँशुमा थोरै खुशी,घोलिदेउ न सरकार
बलत्कारीलाई"मृत्युदण्ड"भनी,बोलिदेउ न सरकार
संशोधनको अधिकार छ तिमिलाई संविधानमा
"फाँसी"लेख्न बिर्को कलमको,खोलिदेउ न सरकार



**- प्रभा पोखेल**

जिन्दगीको मोड यति घुमाउरो हुन्छ
हृष्टपुष्ट पाखुरा अकस्मात् चाउरो हुन्छ
बेकार रहेछ घमण्ड गर्नु यो रूपको
दौडदा दौडदै नश्वर शरीर दाउरो हुन्छ ।



**- पौडेल विमुन्स**

समाजमा राम्रो काम गर्नुपर्छ मान रहिरहन्छ
जीवनमा केही गर्नुस्, नमेटिने सान रहिरहन्छ
हेर्ने आँखाभन्दा बुझ्ने मन राम्रो हुनुपर्‍यो
त्यसपछि सधैंभरि मुहारमा मुस्कान रहिरहन्छ ।



**- सरस्वती तिवारी**

## लघुकथा : जीवन गुजारा

- अरूणबहादुर खत्री 'नदी'

राजनले अर्काको ट्रक चलाएर आफ्नो परिवारलाई पालेको थियो । आफ्नो छोराछोरीलाई सरकारी विद्यालयमा पढ्न पठाउथ्यो । ट्रक चलाएर दु:ख गरिकन उसले घरमा रासनपानी किनेर ल्याउथ्यो । एकदिन वर्षायाममा ठूलो बाढी आउँदा उसले चलाएको ट्रकमा सामान बोकेर लैजादा ट्रक नै बाढीले बगायो र ट्रकभित्र बसेको खलासी र ऊ वेपत्ता हुन पुग्यो ।

ट्रक नदीमा बगेको तिन दिनपछि भेटियो तर ऊ र खलासी भने भेटिन सकेन । उसको घरमा श्रीमती र छोराछोरीलाई ठूलो चिन्ता पर्न गयो । चिन्ताले उसकी श्रीमती र छोराछोरी अब हामीलाई खाना खाने पैसा र लुगा लगाउने पैसा कहाँबाट कसरी ल्याउने होला भन्न थाले । श्रीमतीले दु:ख गरेर अर्काको घरमा गएर कुचो बढारेर भाडा माझेर र लुगा धोएर छोरा छोरीलाई पढाउन थालीन् । यसरी उनीहरूको जीवन गुजारा भयो ।

बूढानीलकण्ठ ४, पासिकोट, काठमाडौं




सम्पादक/प्रकाशक — राजन कार्की
Editor/Publisher — Rajan Karki

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

गोरखा एक्सप्रेस साप्ताहिक
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
E-mail : rajan2012karki@yahoo.com
nepaltod@gmail.com
Online : www//nepaltoday.com.np




## जलवायुजन्य विपत्तिको क्षतिपूर्ति नेपालले किन नपाउने ?

पृथ्वीको तापक्रम बढ्यो, यसको असर वायुमण्डलमा पर्‍यो, हिमाल पग्लियो । बाढी आयो, त्यसको महगो मूल्य हिमाली राष्ट्र नेपालले चुकाउनु परेको छ । यसकारण विकसित मुलुकहरूले नेपालको यो विपत्ति, नोक्सानीको भर्पाइ गर्नुपर्छ भन्ने आवाज विश्वभरि उठेको छ । चीनले सकारात्मकता देखाए पनि भारतले ओठे जवाफ दिएर भनेको छ- भदौ १०, अगस्त २६ मा हिमाली ताल फुट्यो, भोटेकोशीमा बाढी आयो, त्यो बाढी त्रिशूलीमा मिसिएपछि नदी प्रणाली प्रलयको रूप धारण गर्‍यो र मानिस, धनजन र नेपालका पूर्वाधार बिनष्ट पारेर लग्यो । यसको जिम्मेवार भारत होइन, भारतले क्षतिपूर्ति दिने होइन । यसमा भारतको कुनै जिम्मेवारी स्थापित भएको छैन, यो विपत्तिको क्षतिपूर्ति भारतसँग किन मागिनुपर्छ ?

नेपालले औपचारिक पत्र नै लेखेर नेपालको विपद् देखाएर जलवायुजन्य क्षति तथा नोक्सानीसम्बन्धी कोषसँग तत्काल सहयोगको अपेक्षा गरेको छ । नेपालले चीन, अमेरिका र भारतलाई 'नेपालजस्ता जोखिममा रहेका राष्ट्रलाई क्षतिपूर्ति दिन ऐतिहासिक जिम्मेवारी भएका' देशका रूपमा अंकित गर्दै नेपाललाई न्याय दिलाउन अहं भूमिका खेल्नुपर्ने भनेको छ ।

नेपालले यसरी जलवायु अन्यायबाट न्याय माग गर्नासाथ भारत हर्कतमा आएको छ र भारतले नकारात्मक बहस छेडे पनि नेपालले सावधानीपूर्वक फेरि पनि प्रष्ट्याएको छ कि जलवायु परिवर्तनमा विश्वव्यापी योगदान छ । यसको प्रभाव व्यवस्थापन र न्यूनीकरण गर्ने जिम्मेवारी पनि विश्व समुदायमै रहन्छ । विश्व जगत नै यसमा आकर्षित हुनपर्छ ।

नेपाल र विश्वकै जलवायु विज्ञहरूको ध्यान नेपालको क्षति र न्यायको मागप्रति गएको छ । नेपालले जलवायु वित्तको दावीप्रति आवाज बढ्दैछ र राष्ट्रसंघको बैठकबाट नेपालले न्यायको आवाज घन्काउने तैयारी गरेको छ । भारत र चीन विकासशील होइनन, विकसित मुलुक हुन् । तिनले पनि राष्ट्रसंघको जलवायु संरचनामा उभिएर जलवायु वित्त उपलब्ध गराउनु पर्ने देखिन्छ । यो जिम्मेवारीबाट खासगरी दुबै छिमेकी पछि हट्न सक्दैनन् ।

नेपालले नाममात्रको कार्बन उत्सर्जन गर्छ । तर विश्वका विकसित र औद्योगिक मुलुकहरूले उत्सर्जन गरेको कार्बनको दुस्प्रभावमा नेपाल असामान्य जोखिममा पर्दै आएको छ । हालैको हिमनदी फुटेर आएको बाढी ताजा उदाहरण हो । हिमाल जोखिममा छन्, हिमनदी र तालहरू फुट्न सक्ने खतरामा छन् । पहाडी भीर र असामान्य मनसुनले अझै के के विनासकारी रूप धारण गर्ने हो भन्न सकिन्न । काठमाडौंमै रहेको इसिमोडले खबरदारी गरिरहेकै छ । औद्योगिक मुलुकले वित्त सञ्चय गर्ने, कमजोर नेपालले परिवर्तन हुँदै गएको जलवायुबाट क्षति बेहोर्नुपर्ने नियति रहेको छ । कार्बन उत्सर्जनमा अमेरिका, चीन, भारत प्रतिस्पर्धात्मक छन् । अन्य मुलुकहरू पनि यही कोटीमा पर्छन् । नेपालले भोगेको प्रलयकारी बाढी विश्वले देखेका छन् । नेपालले साह्रै कष्ट भोगेको छ । नेपालको पहुँच कम होला तर राष्ट्रसंघको पुरानो सदस्य हो । यसकारण पनि राष्ट्रसंघको बैठकमा उठाउने आवाज र नेपालले लेखिसकेको जलवायु वित्तसम्बन्धि न्यायको गुहारलाई मानवीय आधारमा पनि कुनै मुलुकले अनदेखा, अनसुना गर्न सक्दैन ।

# भारतपछि नेपालबाट पनि कम्युनिष्ट सकिए




३५ वर्ष कलकत्तामा शासन गरेको र भारतभरि उधुम मच्चाएको कम्युनिष्टको तापक्रम सेलाइसक्यो । भारतमा कम्युनिष्ट सिला खोज्नुपर्ने स्थितिमा पुगिसक्यो । नाम कम्युनिष्ट राखेर राजनीतिलाई व्यापार बनाएकैले नेपाली कम्युनिष्टहरू कम्युनिष्ट हुनसकेनन् । नेपालमा रहेका अनेक थरिका कम्युनिष्टहरू अब वक्तव्यमा सिमित हुनपुगेका छन् । यिनको मासिने क्रम तीब्र गतिमा बढेको छ । ०८२ फागुन २१ को चुनावबाट किनारा पुगेका कम्युनिष्टहरू ०८७ को चुनावसम्ममा जरो किलो उखेलिने खतरा बढेको छ ।

०४६ सालपछिको नेपालको राजनीतिक परिदृश्य हेर्दा देखिन्छ- गरीबी कम्युनिजमका लागि उर्वर भूमि हुनेरहेछ । यो उर्वराको अधिकतम शोषण गरेर नै कम्युन्यालिष्टहरू कम्युनिजमको खेती गर्दा रहेछन् र स्वार्थको बाली भित्र्याउँदा रहेछन् । जनमत संङ्ग्रह गर्दा कम्युनिजमले काम गर्‍यो, हो, बहुदलले जित्न सकेन । तर १२ वर्षभित्रै सडक आन्दोलन भएर दलमाथिको प्रतिवन्ध फुकुवा भयो, सडक आन्दोलनमा प्रजातन्त्रवादीले भन्दा प्रभावकारी आक्रोश वामपन्थीकै थियो । १० वर्षे जनयुद्धमा वामपन्थीले गरीबहरूलाई बन्दुक बोकाए, ०६२-६३ सालको जनआन्दोलनमा पनि वामपन्थी नै हावी भए । राजतन्त्रको अन्त्य, हिन्दुधर्मको बिनास, लोकतन्त्रको नाममा लूटतन्त्र चलाउन कम्युनिष्टहरू खप्पीस साबित भएकै हुन् । बहुदलपछिको ३७ वर्ष र लोकतन्त्रको १८ वर्ष कम्युनिष्टकै जाज्वल्यमान समय थियो । यो समयमा कम्युनिष्टले आफूले आफैलाई नवसामन्तवादको बादशाह नै साबित गरिदिएका थिए । तर कुमालेको चक्रजस्तो राजनीतिले यूटर्न लियो । जेनजी बिद्रोको राप र तापलाई कम्युनिष्ट र प्रजातन्त्रको बिडा उठाएको पार्टी, कसैले थेग्न, थाम्न सकेनन् । सबै भागे । यही बिद्रोहले नेपालको राजनीतिक परिदृश्य नै बदलिदियो । आज सबै ट्याउँ ट्याउँ कराउँछन्, कराउनेको अनुहारसमेत जेनजी पुस्ताको सरकार हेर्दैन ।

नेपाली वर्णपटलाई पल्टाउँदा देखिन्छ- २००७ सालमा नेपाली कांग्रेसले प्रवासबाट लैनछोकडा ल्यायो र तिनलाई बन्दुक बोकाएर मुक्तिसेनाको नाम दियो । राणाको प्रहरी रामदल र कांग्रेसको मुक्तिसेना मिलाएर पहलसिंह लामाको नेतृत्वमा प्रहरी संगठन खडा गरियो, जुन आजको नेपाल प्रहरी हो । यस्तो शक्तिलाई राजनीतिको गोटी बनाए पूर्व सरकारहरूले । २०५२ सालमा सुरू भएको जनयुद्ध १० वर्ष चल्यो । जनयुद्ध हाँक्ने कमाण्ड, हाइकमाण्डले १८ वर्ष राजनीतिको निर्णायक नै बन्न भ्याए । त्यसो त २०२८ सालतिर जनवादी विद्रोह गर्ने झापा आन्दोलनकारीका एक नाइके केपी ओली पटक पटक प्रधानमन्त्री बने तर जेनजी बिद्रोहमा यिनीमात्र होइन, लोकतान्त्रिक गणतन्त्र ल्यायौं भन्ने सबै भागे, सबै रगताम्मे भए । जनताले चाहे भने नहुने के रहेछ र ?

कम्युनिष्टहरू भिजेका परालजस्ता रहेछन् । ९ लाख क्याडर छन् भन्ने कम्युनिष्ट न कांग्रेस, आफ्नो नेतृत्वका पक्षमा, लोकतान्त्रिक पद्धतिको पक्षमा ९ जना पनि खडा भएको देखिएन । जसरी पञ्चायत ढालियो, राजालाई विवश पारिएको थियो, पुराना दल दयनीय बने ।

कांग्रेसले वीपी बिर्सियो । कम्युनिष्टले बिर्सिए- नक्सलवाडीका कम्युनिष्ट नेता चारू मजुमदारले कार्यकर्ताले पुँजीवादी चोला फेरे भनेर रूखमा झुण्डिएर मर्नुपर्‍यो । चीनका राष्ट्रपति सीजिन पिङले खुला अर्थनीति अँगालेर चीनलाई विश्वशक्ति त बनाए, तिनै सीजिन पिङले नेताका सम्पत्ति सबै राष्ट्रको हुने घोषणा गरेका छन् र बेलायतमा नाम चलेका नेपाली प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बृटिस दृष्टिमा कम्युनिजम विश्वमा असफल शिद्ध राजनैतिक व्यवस्था हो । अर्थात कम्युनिष्ट सपनामा भुलाउने गफ हो, विश्वासयोग्य हुन्न ।

बहुदल कालारात्रि बनेर सकिएकै हो । २०६३ वैशाख ११ गते राजालाई धोका दिने षडयन्त्र पार्टीहरूले गरे, त्यही षडयन्त्रको अन्तिम पाटो थियो, २०६५ जेठ १५ गते अवैधतरिकाले गणतन्त्र कार्यान्वयन गरिनु । राजतन्त्रलाई धोका दिनेहरूले १७ वर्ष शासन गरे, देशलाई दोहन गरे, लोकतन्त्रलाई लूटतन्त्र बनाए । तर जेनजी बिद्रोह, विद्रोहपछिको अन्तरिम सरकार, चुनाव र चुनावपछिको बालेन साहको सरकार आइपुग्दासम्म पुर्पुरोमा हात राखेर पछुताउनु पर्ने स्थितिमा पुगेका छन् । यस्तै बेहोरालाई हो, अमेरिकी राष्ट्रपति ट्रम्पले फ्रड भनेको ।

गणतन्त्र कार्यान्वयन प्रस्ताव तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले संविधानसभामा पेश गर्न सकेनन्, उनले खेताला पठाए कृष्णप्रसाद सिटौलालाई जो चुनाव हारेका कांग्रेसी थिए । किन ? कसको आदेशले ? यो प्रश्न अहिले पनि प्रश्न नै छ ।

०६४ सालको बहुमतको माओवादी आज निन्याउरो अनुहार लाएर संसदमा उपस्थितिसम्म जनाइरहेको छ । कांग्रेस र एमाले रास्वपाका सामु भ्यागुते चरित्र र व्यवहारमा देखिन्छ । ढाडमा टेकेर टाउकोमा हान्ने र लुकेर हिर्काउने रातो किताबका घोकन्ते कम्युनिष्टहरू, जबज भन्ने कम्युनिष्टहरू, राता र बैजनी कम्युनिष्टहरू शनैः शनैः ओह्रालोयात्रामा छन् । छायाँमा पर्दै सकिदैछन् ।

शक्ति बन्दुकको नालबाट निस्कन्छ, संसद भनेको बोकाको टाउको देखाएर बाखीको मासु बेच्ने थलो भन्ने कम्युनिष्टले स्थानीयदेखि राष्ट्रियतहसम्म एकछत्र शासन गरेका थिए, आज २०१५ सालको चुनावमा ४ सिटे कम्युनिष्टहरूजस्ता टिठलाग्दा भएका छन् ।

लोकतान्त्रिक शासन व्यवस्थामा कम्युनिष्टको जित, कम्युनिष्टको दबदबा । यो आश्चर्यको परिदृश्य थियो, बदलियो । नेपालको कम्युनिष्टतन्त्रको निरन्तरता देखेर सारा विश्व चकित थियो, कम्युनिष्ट कलमी हुँदा फेरि चकित परेका छन् । भारतमा कम्युनिष्ट सकियो, नेपालमा पनि कम्युनिष्टको दबदबामा ब्रेक लाग्यो । कम्युनिष्टले लोकतन्त्रका नाममा निरंकूशता, परिवारवाद, व्यभिचारवाद चलाएको दण्ड भोगे । अब नेपाल कुन बाटो लाग्ला ? सिङ्गो विश्वजगत नेपालको कम्युनिष्ट के गर्लान्, चीलका नजरले हेरिरहेका छन् ।

हुन त नेपालमा को छ कम्युनिष्ट, कहाँ छ कम्युनिष्ट ? यो गम्भीर प्रश्नमा विश्लेषण सुरू भइसकेको छ ।

नेपाली कम्युनिष्टहरू जुकाको जस्तो भ्रष्टाचारी पित्ले, घ्याम्पे भुँडीवालबनेका छन् । एनजीओदेखि बैंकरसम्म, स्कूलेदेखि युनिभर्सिटीसम्म, स्वास्थ्यदेखि जलस्रोतसम्म, सञ्चारदेखि सेयर बजारसम्म, राज्य र समाजका सबै सञ्जालहरूमा कुनै खन्चुवा, भ्रष्ट, दलाल, पदीय दुरूपयोग गर्ने र नीतिगत भ्रष्टाचारमा चुर्लुम्मै डुबेको छ भने सयमा ८० प्रतिशत कम्युनिष्ट छन् । सुन तस्करीदेखि माफियासम्म, डन र दस्ता खडा गरेर कमाउ अभियानमा लागेका र कुनियत, अस्लिल कृयाकलापमा समेत कम्युनिष्ट जोडिएको देखिन्छ ।

अनि कम्युनिष्ट पतन नभए के हुन्छ ? जनताले मतपत्रले भाटे कारवाही नै गरेका हुन्, शायद अब उठ्दैनन् ।

कम्युनिष्ट सर्वहारावादी भनिन्छ, सम्पत्तिवाला यिनै बनेका छन् । २०४६ सालपछि भ्रष्ट कांग्रेस अथवा मधेसी नेताहरूमात्र होइन, सबैभन्दा भ्रष्ट त कम्युनिष्टहरू नै हुन् । यसले के देखाउँछ भने राजनीति कम्युनिष्टका लागि मुनाफाको ग्यारेण्टी भएको पेशा हो । मोहनचन्द्र अधिकारी जो सच्चा कम्युनिष्ट हुन्, उनी माँगेर हिड्न बाध्य छन् । रूद्राक्षका गेडा गनेर श्रीकृष्ण भन्न थालेका भेटिन्छन् । अन्य नेपाली कम्युनिष्ट नेताको अनुहार र तिनको रहनसहन हेर्दा लाग्छ, नेपालका कम्युनिष्ट करोडीमल हुन्, अरवका शेख हुन् । यिनको सोच राष्ट्रिय गौरव, गरीव, किसान, मजदुर, महिला, सिमान्तकृत बर्ग, दलिततिर होइन, स्वार्थ र सत्तामा बढी हुनेगर्छ । जब जनता जनता जोड्न सकिन्न, त्यो देशको आधार जहिले पनि बालुवाको ढिस्को जस्तो हुनेगर्छ । कम्युनिष्टको चरित्र यही हो ।

नेपालमा उद्योग बेच्ने, राज्यसम्पत्तिमा माफियाकरण गर्ने, विधिमाथि हैकम चलाउने, शरणार्थीका नाममा नेपालीलाई बेच्ने, युवा निकासी गरेर रेमिटान्समा ढलीमली गर्ने, यस्ता पनि कम्युनिष्ट छन् ? भ्रम छर्न खप्पीस छन् कम्युनिष्टहरू । पानीजहाज, हावाबाट विजुली, १० वर्षमा देशै स्वर्ग बनाउने भन्थे, आफै पाखामा पछारिए । अझै भ्रम छरेर जनतालाई आफूतिर तान्न सकिन्छ कि भन्ने प्रयत्न गर्दैछन् ।

जनताले विश्वास गरून्जेल ठूला पार्टी वा नेता नीतिमा अडेनन्, जनविरोधी काम गरिरहे, आफैमा बिभाजन भए, स्वार्थ मिल्नेभए हातेमालो गर्‍यो । कांग्रेस वा अन्य लोकतन्त्रवादी पार्टीसमेत कम्युनिष्टजस्ता देखिन पुगे । यो कम्युनिष्टतन्त्रको जीत थिएन, स्वार्थी र अवसरवादी राजनीति मात्र थियो । छिपाको घ्याम्पो फुट्यो, अहिले आएर पछुताएर के अर्थ रह्यो र ?


संविधान लोकतान्त्रिक छ, पद्धति लोकतान्त्रिक हो । देशको कमाण्ड लामो समय कम्युनिष्टको हातमा थियो । सिद्धान्त, नीति, निष्ठाको पतन भइरहेको यो अनौठो संयोगलाई तमासाका रूपमा जनताले हेरिरहे । जब जेनजीले बिद्रोह गरे, त्यसपछि जनताले जेनजीलाई रोजे । यी भ्रम छर्ने ठूला पार्टीहरूले मौन विद्रोह गरेर चुनावबाटै किनारा लगाइदिए ।

चुनावको नतिजापछि देखियो, नेपालमा कम्युनिष्ट, कम्युनिष्टको संगठन, लाखौंका क्याडर कोही पनि रहेनछन् । कम्युनिष्टहरू त रित्तै रहेछन् ।

भारतले सिक्किम खानका लागि महारानी होप र लेण्डुप दोर्जीको हतियार चलाएको थियो । २१औं शताब्दीमा कम्युनिष्टको ऐतिहासिक विजय, कम्युनिष्टको सरकार ? राजतन्त्र ढाल्नकै लागि उठाइएको थियो कि ? अहिले आएर कम्युनिष्टलाई उठाउने शक्तिले नै धुलिसात पारिदिएको त होइन ?

जे होस्, कम्युनिष्टको उठान र बैठान लामो समय टिकेन । अब कम्युनिष्टहरूको राजनीति उही राजतन्त्र र हिन्दुराष्ट्रको जगमा मात्र उभिनसक्ने देखिन्छ । यसका लागि सबै राजनीतिक शक्तिसँग संवाद, सहमति र सहकार्यको एकमात्र बिकल्प बाँकी छ, कम्युनिष्टलाई चेतना भया ।





Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# जनताको सेवा नगर्ने सरकारको विरोध सबै असल नागरिकले गर्नैपर्दछ



नारायणप्रसाद मिश्र

म यस देशको एक कर्तव्यनिष्ठ नागरिक हुँ, जसको कुनै पनि राजनीतिक दल, समूह, वर्ग वा तिनका नेता तथा कार्यकर्तासँग न त घनिष्ठ सम्बन्ध छ, न त कुनै वैरभाव नै–चाहे ती राजावादी हुन्, बहुदलीय पक्षधर, समाजवादी वा साम्यवादी । आफ्नै विवेक, ज्ञान, बुझाइ, बुद्धि र अनुभवका आधारमा मैले देशप्रतिको आफ्नो नागरिक दायित्व इमानदारीपूर्वक निर्वाह गर्दै आएको छु र त्यसमा कुनै कसर बाँकी राखेको छैन ।

राष्ट्रको प्रतिष्ठित शिक्षाविद्को हैसियतले राष्ट्रको समस्त विद्वत् वर्गमाझमा सुपरिचित सरदार रूद्रराज पाण्डे र डा. त्रैलोक्यनाथ उप्रेतीजस्ता श्रद्धेय उपकुलपतिहरूमा राम्रो प्रभाव पर्ने गरी मैले त्रिभुवन विश्वविद्यालयमा एक सक्रिय, समर्पित र कर्तव्यनिष्ठ विश्वविद्यालय सेवक भई सेवा गरेँ । तर पनि नेपालमा वि.सं. २०४६ ,सन् १९९० मा आएको राजनीतिक सुनामीपछि आफूलाई लोकतन्त्रवादी भन्नेहरूकै एउटा अलोकतान्त्रिक षड्यन्त्रको जालमा म पनि परेँ । त्यतिबेला "स्वैच्छिक अवकाश"को नाममा राष्ट्रसेवकहरूलाई जबर्जस्ती अवकाश दिइयो । त्यसैले मैले पनि त्यस समय बाध्य भएर जबर्जस्ती अवकाश स्वीकार गर्नुपऱ्यो । त्यसपछि मैले आफ्नो अनुभवबाट एउटा कुरा बुझेँ–सेवामा सक्रिय, सिर्जनशील, समर्पित, परिश्रमी, इमानदार, कर्तव्यनिष्ठ र स्वाभिमानीजस्ता गुणहरू भएका, ती गुणहरू आफ्नो हाड र रगतमा नै बोकेका व्यक्तिसमेत स्वतन्त्र विचारक मात्र भएको कारणले हालको व्यवस्थामा कुनै वर्ग, समूह वा राजनीतिक दलको समर्थन नपाई यस देशमा असहाय बन्ने रहेछ । राष्ट्रसेवाबाट बन्चित हुनुपर्ने रहेछ ।

कुनै नागरिक आफ्नो देशप्रति अत्यन्त वफादार र देशभक्त व्यक्ति भए पनि देशमा आफूप्रति हुन गएको अन्याय र अत्याचारले गर्दा त्यस्ता व्यक्तिमा पनि देशप्रति नै विरक्ति आउने समय पनि आउने रहेछ भन्ने कुराको तीतो अनुभव पनि त्यस वेला मैले जीवनमा गरेँ । जब कुनै सरकार देशमा जनतालाई न्याय दिनुको सट्टा, अर्थात् निसहायको सहारा बन्नुको सट्टा, आफैँ अत्याचारी भई अघि बढ्छ, त्यसबेला गहिरो देशप्रेम भएको व्यक्तिको समेत आफ्नै देशमा बस्ने इच्छा मर्दो रहेछ । अन्याय र अत्याचारको असहृयताले मान्छेमा रहने कमजोरी र बाध्यताले मान्छे आफ्नै प्यारो देशबाट पनि पलायन हुन सक्छ भन्ने विचार मेरो मनमा आयो । राष्ट्रप्रतिको सच्चा चिन्ताले नै नागरिकलाई अन्यायमाथि प्रश्न उठाउन वा त्यसको विरोध गर्न प्रेरित गर्ने रहेछ भन्ने कुराको ज्ञान पनि मलाई त्यस वेला भयो ।

हामीप्रति असह्य अन्याय र अत्याचार भएको त्यो वेला हामीलाई नेपाल, हाम्रो प्यारो जन्मभूमि हामी बस्नका लागि उपयुक्त ठाउँ रहेनछ कि जस्तो लाग्यो । यसको मुख्य कारण मेरी प्रिय दिवंगत पत्नी शान्ति मिश्र र मैले केवल स्वतन्त्र, स्वाभिमानी र देश र जनताका लागि आफूले सही ठानेका आफ्ना सिद्धान्तमा सम्झौता गर्न नचाहेको कारण मात्रले भोग्नुपरेका अन्यायहरू थिए । यद्यपि विदेश जाने र बस्ने सुअवसर हाम्रो समक्ष रहे पनि ती अत्यन्त पीडादायी अन्यायहरू सहँदै पनि हामीले नेपाल छाडेनौँ ।

आफ्नो जीवनकालमा धेरै राजनीतिक परिवर्तनहरू देखेपछि मैले के बुझेको छु भने राजनीतिक व्यवस्थाको नामले भन्दा सो व्यवस्थाको कार्यान्वयन र कामकाजले मात्र सो व्यवस्था राम्रो चिनिन्छ । राजनीतिक नाम वा लेबलहरू पोसाकजस्ता हुन सक्छन् । तिनीहरू हेर्दा आकर्षक देखिन सक्छन्, तर तिनको भित्र वास्तवमा राम्रो वा नराम्रो के छ भन्ने कुरा थाहा हुँदैन ।

प्रजातन्त्रवाद र साम्यवादको दलमात्रको नामले ठगिएको त्यो अनुभवले राजनीतिलाई र सरकारलाई हेर्ने मेरो दृष्टिकोण नै परिवर्तन गरिदियो । देशमा रहेको कुनै पनि राजनीतिक व्यवस्थाको नाम मात्रको कारणले सो नाममा प्रिय वा अप्रिय बन्नुको सट्टा देशको सचेत, शिक्षित नागरिकले आफ्नो बुद्धि, विवेक प्रयोग गरी सो नामभित्र रहेको सारतत्त्व देश र जनताको हितअनुकूल छ या छैन भन्ने कुरा राम्रो चिन्तन र मनन गर्न सक्नुपर्छ भन्ने विचार पनि मेरो मनमा उत्पत्ति भयो । देशमा रहेको कुनै दलको नाम र सो दलको विचारधारामा मात्र होइन, सो दलको कुनै सरकारलाई उसको इमानदारी, नैतिकता, न्याय, निष्पक्षता, प्रशासन, विकास र जनताको कल्याणप्रतिको कामकाजको आधारमा मूल्याङ्कन गर्नुपर्ने रहेछ भन्ने ज्ञान पनि जाग्यो ।

त्यस बेलादेखि नै मेरो एउटा दृढ धारणा रहिआएको छ : यदि कुनै दलको नेतृत्वमा बनेको सरकारले राष्ट्र र जनताको हितमा काम गर्नुको सट्टा आफ्ना नेता र समर्थकहरूको स्वार्थका लागि मात्र काम गर्छ भने, त्यस्तो सरकारको सबै असल नागरिकहरूले तत्काल विरोध र निन्दा गर्नुपर्छ । सरकार भन्नाले केवल आफ्ना नागरिकका नागरिक तथा मौलिक अधिकारहरूको उल्लङ्घन नगर्ने मात्र होइन; उसले प्रत्येक निष्ठावान् र देशभक्त नागरिकका लागि संरक्षण, सहयोग र प्रोत्साहनको स्रोतका रूपमा पनि काम गर्नुपर्छ । यही विश्वासलाई आफ्नो सोचको केन्द्रमा राखेर मैले निरन्तर लेख्दै आएको छु–एक दिन मेरो देशमा पनि यस्तो सरकार अवश्य अस्तित्वमा आउनेछ भन्ने आशाका साथ ।

म आफैँ एक असहाय र साधारण लेखक हुँ र मेरा विचार, शब्द र वाक्यहरूले धेरै ठूलो परिवर्तन ल्याउन सक्छन् भन्ने मलाई वास्तवमा विश्वास छैन । तर पनि देशप्रतिको मेरो प्रेमले मेरो मनभित्र केही न केही हलचल गरिरहन्छ । देश र जनताका समस्याहरू निरन्तर मेरो हृदय र मस्तिष्कमा उर्लिरहन्छन् ।

मलाई थाहा छैन, आफ्नै समस्यासमेत समाधान गर्न नसक्ने र अवकाशको उमेर पुग्न अझै चौध वर्ष बाँकी छँदै ४९ वर्षको उमेरमा जबर्जस्ती अवकाश लिन बाध्य पारिएको म जस्तो असहाय साधारण नागरिकले किन अझै पनि देशका समस्याहरू समाधान गर्ने उपायका बारेमा सुझाव र सल्लाह दिने कुरामा आफूलाई निरन्तर संलग्न गराइरहेको छु । आखिर यो त्यही देश हो, जहाँ शक्तिशालीहरूले गर्ने अन्यायका विरूद्ध मानिसहरू विरलै बोल्छन् । कहिलेकाहीँ म आफैँ सोच्ने गर्छु–यो मेरो शक्ति हो, कमजोरी हो कि केवल मेरो पागलपन?

तर म नियमित लेखिरहेको छु ।

मैले अंग्रेजी साप्ताहिक People's Review मा हरेक हप्ता निरन्तर रूपमा एउटा लेख लेख्न थालेको यहीं भाद्र २३ गते ठीक छ वर्ष पुग्यो । यस पत्रिकामा मात्र प्रकाशित मेरा लेखहरू गन्दा कुल संख्या २७५ पुगेको छ । यसको साथै यस गोरखा एक्सप्रेसमा पनि २०८२ ।५ ।२७ देखि म नियमितजस्तै लेखिरहेछु । यस अवधि भित्र यसमा पनि ४० भन्दा बढी लेख प्रकाशित भइसकेको पाउँदा मलाई खुसी लागेको छ । यस सन्दर्भमा मेरा सत्य, तथ्यमा आधारित, देश र जनताका लागि इमानदारीपूर्वक लेखिएका लेखहरूलाई खुसीसाथ ग्रहण गरी आफ्नो अखबारमा स्थान दिनुहुने पिपुल्स रिभ्यूका प्रधान सम्पादक श्री पुष्पराज प्रधान र गोरखा एक्स्प्रेसका प्रधान सम्पादक श्री राजन कार्कीलाई उहाँहरूको विश्वास र सद्भावनाका लागि म हृदयदेखि नै धन्यवादसहित कृतज्ञता ज्ञापन गर्दछु ।

देशमा दलीय सरकार रहे पनि देशमा रहेको सरकार आफ्नो दल, समूह, आफ्ना पिछलग्गु कार्यकर्ताहरूको मात्र नभई समस्त राष्ट्र र जनताका लागि हुनुपर्ने कुरा कसैले कसैलाई बुझाइरहनुपर्ने कुरा जरूर होइन । संविधान र कानुनमा लेखिएका प्रजातन्त्र, न्याय, समानता, स्वतन्त्रता आदि कुराहरू कागजमा मात्र होइन, व्यवहारमा, कार्यान्वयनमा समस्त जनताले सजिलै महसुस गर्ने गरी लागू हुनुपर्छ भन्ने कुरा कसैले कसैलाई भन्नुपर्ने विषय होइन ।

प्रजातन्त्रवादी, समाजवादी, साम्यवादी वा राजतन्त्रवादी जसको सरकार देशमा भए पनि सो सरकारले देश विकास र जनकल्याण गरेको भए त्यसको विरोध गर्नुपर्ने कुनै कारण जरूर हुँदैन । जुनसुकै दल, जुनसुकै नेताको सरकार देशमा रहे पनि सुशासन, सुव्यवस्था, न्याय-निसाफमा तलमाथि नगरे सो सरकारको विरोध गर्नुपर्ने पनि कुनै कारण हुँदैन । पहाडी, मधेसी, जनजाति, दलित, महादलित जोसुकैको नेतृत्वमा सरकार भए पनि सो सरकार सबैको निष्पक्ष सहारा भए त्यसको विरोध गर्नुपर्ने पनि कुनै कारण हुँदैन । सेते, काले, खैरे जोसुकैको सरकार रहे पनि नैतिक काम गर्ने, अनैतिक काम नगर्ने भए त्यसको विरोध गर्नुपर्ने पनि कुनै कारण हुँदैन ।

तर हाम्रो देशमा बहुदलीय व्यवस्था लागू भएदेखि नै प्रजातन्त्रवाद वा साम्यवाद जुनसुकै वादको नाममा शासन गरे पनि शासन गर्नेले आफू र आफन्तवादबाहेक अरू वाद नचलाएको कुरा कुनै पनि सत्यवादी नागरिकले औँल्याउनै पर्छ । तर जनताको सेवा गर्ने सरकारको विरोध कुनै असल नागरिकले गर्न हुँदैन । तर नाममा प्रजातन्त्रवादी होस् या साम्यवादी, देश र जनताको हितविपरीत दलगत स्वार्थमा मात्र लाग्ने सरकारको विरोध कुनै पनि असल नागरिकले गर्नै पर्दछ । अन्यथा अत्याचारीको अत्याचार सहनु नै अत्याचारीलाई प्रोत्साहन हुन जाने कुरा प्रत्येक असल नागरिकले बुझ्नुपर्दछ ।

यसउसले प्रत्येक देशका सचेत नागरिकले अन्तःकरणलाई साक्षी राखी आफ्नो बुद्धि-विवेक प्रयोग गरी आफ्नो देशमा रहेको राजनीतिक वाद र त्यसको सरकारलाई धर्मपरायण, कर्तव्यपरायण, निष्पक्ष, पवित्र, इमानदार, न्यायप्रेमी, देश र जनताको हितका लागि सदा तत्पर रहे-नरहेको आधारमा राम्रो मूल्याङ्कन गर्ने, सोअनुसार असल आचरणमा रहेको देखिए समर्थन र टेवा दिने, अन्यथा जे-जस्तो उपायले विरोध गर्ने नागरिक अधिकार प्रयोग गर्न नियमित गर्नु अति आवश्यक छ । अन्यथा हामी सधैँ एउटा न एउटा वाद र नामले सदा ठगिइरहनेछौँ । सबैले यो बुझ्न जरूरी छ ।

*narayanshanti70@gmail.com*

*लेखक परिचय: नेपाली र अङ्ग्रेजी भाषाका केही पुस्तक तथा धेरै लेखहरूका एक गैर-दलीय लेखक, त्रिभुवन विश्वविद्यालय सेवा आयोग कार्यालयका पूर्व प्रमुख, तथा मध्य-असी दशक पार गरेका एक ज्येष्ठ नागरिक ।*

# टनकपुरदेखि महाकालीसम्म जान्नैपर्ने कुरा

- भरत दाहाल -



**टनकपुर बाँधका सम्बन्धमा :**

- भारतद्वारा अन्तर्राष्ट्रिय कानून विपरित एकतर्फीरूपमा २०४० सालदेखि टनकपुर बाँध निर्माण सुरू गरेर २०४९ मा सम्पन्न गऱ्यो । भारतले १२० मेगावाट विद्युत् उपयोग गरेको र ७ मेगावाट बिजुली मात्र नेपाललाई दिएको छ ।

- ब्यारेजको पूर्वपट्टिको एफलक्स बण्ड निर्माणका लागि ५७७ मिटर (२.९ हेक्टर) र जलासयमा २२२ हेक्टर जमीन मिचानमा परेको छ । उक्त जमीन तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणका क्रममा ( २०४८ साल मंसिर १९ देखि २४) सहमति भन्दै भारतलाई बुझाएको हो ।

- बाँध र जलासय बाहेक भारतले गढ्ढाचौकी, ब्रम्हदेवमण्डी लगायत त्यसको वरिपरि कब्जा गरिरहेको छ ।

- टनकपुर बाँधबाट नेपालले हालसम्म एक थोपा पानी पाएको छैन ।

- सुगौलि सन्धिमा महाकाली पूरै नेपालको उल्लेख गरिएकोमा भट्टराइको भारत भ्रमणका बेला त्यसलाइ साझानदी भनी संयुक्त विज्ञप्तीमा सही हालेका थिए ।

- सन् १९२० मा चन्द्रशम्शेरले बृटिश-इण्डिया कम्पनीलाई शारदा नहर निर्माणका लागि दिएको ब्रह्मदेव क्षेत्रमा ३६.६७ एकड अतिरिक्त जमीन पनि हालसम्म फिर्ता नगरेको । बरू कन्चनपुरको ब्रह्मदेवदेखि चाँदनी गाविसको बयलबन्धमाथिको ८ नम्बर सीमा स्तम्भसम्म करिब ७ कि.मि. लामो क्षेत्रमा महाकालीको मूल प्रवाह भारततर्फ फर्काइएको छ ।

- टनकपुर ब्यारेजको जलासयले डुबानमा पारेको २२२ हेक्टर जमीनमा मात्र नभइ नेपाली भूभागमा निर्माण गरिएको पूर्वी एफलक्स बण्डमा समेत सशस्त्र सीमा सुरक्षा बल एसएसबीले पहरा दिइरहेको ।

- महाकाली सन्धिमा उल्लेख गरिए अनुसार बह्मदेवमण्डीदेखि महेन्द्र नगरसम्म जोड्ने १२ किलोमिटर सडक भारतले निर्माण गर्ने भनिए पनि नगरेको ।

- शारदा सम्झौताका आधारमा भारतले सन् १९५६ देखि दोधारा-चाँदनीको जोगबुडा साइफन तल नहरको क्षमता विस्तार गरी खटिमास्थित लोहियाहेड पावरहाउसबाट गैर कानूनी रूपमा ४१ मेगावाट विद्युत् समेत उत्पादन गर्दै आएको ।

- महाकाली नदीको मुहान लिम्पियाधुरा भएको अवस्थामा भारतले कालापानी भन्दा तल नक्कली महाकालीको मुहान खडा गरी कालापानी लिम्पियाधुरा क्षेत्रको भूभाग सैन्य बलका आधारमा कब्जा जमाएको अवस्थामा महाकाली नदीको मुहान नै किटान नगरी सन्धि गरिएको ।

**महाकाली सन्धिका सम्बन्धमा :**

तत्कालीन परराष्टमन्त्री प्रकाशचन्द्र लोहनी र भारतीय विदेशमन्त्री प्रणब मुखर्जीबीच परराष्टमन्त्री स्तरमा हस्ताक्षर भएको महाकाली सन्धि वि.सं. २०५२ माघ २९ (१९९६ फेब्रुअरी १२) गते दिल्लीमा तत्कालीन प्रधानमन्त्री देउवा र भारतीय प्रम नरसिंह रावद्वारा 'शारदा बाँध, टनकपुर बाँध तथा पञ्चेश्वर परियोजना महाकाली नदीको एकीकृत विकाससम्बन्धी सन्धिमा हस्ताक्षर ।

- म्याद सकिएको शारदा ब्यारेज तथा उक्त परियोजना सम्बन्धी सन्धि, अवैधानिक एवं गैरकानूनी टनकपुर सम्झौता तथा भविष्यमा बन्ने पंचेश्वरलाई समेटेर एकीकृत महाकाली सन्धि नाम दिइएको ।

- उक्त सन्धिलाई संसदले २०५३ असोज ४ गते मध्य राति दुईतिहाइ बहुमतले लेण्डुपे शैलीमा पारित गरेको ।

- राष्टघाती महाकाली सन्धि पारित हुँदा एमालेका सांसद् मोहनचन्द्र अधिकारी, हिरण्यलाल श्रेष्ठ र पद्मरत्न तुलाधर, नेमकिपाका नारायणमान बिजुक्छे, आशाकाजी वासुकला र भक्तबहादुर रोकाया तथा नेपाल कम्युनिष्ट पार्टी-मसालका नवराज सुवेदी र परी थापाले मात्र विपक्षमा मतदान गरेका थिए ।

**सन्धिको असर : -** महाकाली सन्धिबाटनेपालले पाउने भनिएको ( हिउँदमा ३०० क्युसेक र वर्षामा १,००० क्यूसेक) पानी, टनकपुर बाँधको पूर्वी एफलक्स बण्ड निर्माणका लागि दिइएको जमीनको बदलामा नेपालले पाउने भनिएको छ । जुन प्रावधानले महाकालीमाथि नेपालको हक खोस्ने काम भएको र हकअनुसार पाउने कुरालाई जग्गा दिएबापत भनियो ।

- महाकाली सन्धिको धारा २ को उपधारा ३ 'क' मा नेपाललाई थप पानी उपलब्ध गराउन भारतीय पक्षबाट नेपाल-भारत सीमासम्म आवश्यकता अनुसार थप हेड रेगुलेटर र आवश्यक नहरको निर्माण गरिने छ भनिए पनि अहिलेसम्म भएको छैन ।

- महाकाली सन्धिको धारा ४ मा दोधारा-चाँदनी क्षेत्रको सिंचाइका लागि ३५० क्युसेक पानी उपलब्ध गराउने कुरा उल्लेख भएपनि भारतले हालसम्म दोधारा-चाँदनीका लागि पानी छोडे ।

- महाकाली सन्धिको धारा ७ मा महाकाली नदीको दुबै किनारा छेउमा बसोबास गर्ने समुदायले ५ प्रतिशतभन्दा बढी पानी उपभोग गर्न नपाउने छ ।

महाकाली सन्धिबारे संकल्प प्रस्ताव **पारित गरेको सङ्कल्प प्रस्तावका बुँदाहरू निम्नानुसार रहेका छन् :**

१. 'महाकाली नदी अधिकांश भागमा सीमा नदी हो' भन्ने र 'मूलभूत रूपमा सीमा नदी हो' भन्ने कुरा एउटै हो भनी भारतले व्याख्या गरिदिनु पर्ने ।

२. भारतले खाइपाइ आएको पानीमा अग्राधिकारको दाबी नगरी सिङ्गो महाकाली नदीको पानीमा नेपाल र भारतको बराबर हक छ भनी भारतले मानिदिनुपर्ने ।

३. नेपालले पञ्चेश्वरको बिजुली केही बेच्नुपर्ने भनिएकोमा भारतले पनि किन्छु भन्नुपर्ने साथै पञ्चेश्वरबाट उत्पादित बिजुलीको मूल्य कायम गर्दा जलविद्युत् ऊर्जाले खनिजजन्य ऊर्जाप्रयोग विस्थापनको मूल्य नै लागत मूल्य निर्धारणको सिद्धान्त हो भनी मान्नुपर्ने तथा

४. महाकाली नदी आयोगमा नेपालको तर्फबाट समावेश हुने प्रतिनिधिहरू नेपाल सरकारद्वारा प्रमुख विपक्षीलगायत राष्ट्रिय मान्यता प्राप्त दलहरूको सहमतिमा तोकिनुपर्ने । तर,

- संसदबाट पारित सङ्कल्प प्रस्ताव कार्यान्वयन पछि मात्र महाकाली सन्धिको कार्यान्वयन गरिने प्रतिबद्धता गरिएको भएपनि संकल्प प्रस्तावको कार्यान्वयन अहिलेसम्म हुन सकेन ।

- सन्धि लागू भएको ६ महिनामा पंचेश्वर परियोजनाको डीपीआर तयार गर्ने, १ वर्षमा लगानी जुटाउने र ८ वर्षमा निर्माण सम्पन्न गर्ने कुरा सन्धिसँगै पत्राचारमा उल्लेख भएपनि आजसम्म केही कार्यान्वयन भएको छैन ।

- भारतले महाकालीको ९३ प्रतिशत पानी उपभोग गरिरहेको अवस्था छ ।

- महाकाली सन्धि पारित गराउन स्याल हुइया मच्चाउने मध्येका *केपी ओलीले महाकाली सन्धि लागू भएपछि नेपालले वार्षिक १ खर्ब २१ अर्ब रूपैया लाभ हासिल गर्ने, माधव नेपालले पञ्चेश्वरबाट उत्पादन हुने र नेपालको भागमा पर्ने बिजुली भूउपग्रहमार्फत तेस्रो मुलुकमा निर्यात गर्ने र तत्कालीन जलस्रोत मन्त्री पशुपति शम्शेरले महाकाली सन्धिपछि पश्चिमबाट सूर्य उदाउने अर्को कुतर्क पेश गरेका थिए ।*

पञ्चेश्वर बहुउद्देश्यीय उच्चबाँध :

- सन्धिमा सहमति भएअनुसार ६,४८० मेगावाट विद्युत् उत्पादनका लागि बैतडीको पञ्चेश्वर गाविसमा ३१५ मि. अग्लो बाँधिने बाँधको जलासयले दार्चुलाको उकु गाविससम्मको भूभागलाई डुबाउने छ र नेपालका २५ हजार भन्दा बढी विस्थापितमा पर्नेछन् ।

- पंचेश्वर जलाशयमा जम्मा हुने पानीबाट भारतमा १६ लाख हेक्टर भूमिमा सिंचाइ गर्ने योजना छ ।

- पंचेश्वरको सहायक बाँध भारतले पूर्णागिरीमा प्रस्ताव गरेको १,००० मेगावाट थप बिजुली उत्पादन गर्ने बाँधले डडेल्धुराको सम्पूर्ण जोगबुडा क्षेत्र डुबाउने छ ।


# राष्ट्रिय समाज सुधार संस्था अझै सकृय





राष्ट्रिय समाज सुधार संस्थाका संस्थापक शहीद मञ्जुर वर्ल्डको ३७ औं स्मृति दिवसको सन्दर्भमा राष्ट्रियतालाई बचाउन जनताको नासो "श्रीपेच" राष्ट्रको मियो राजा ज्ञानेन्द्रलाई नै फर्काउने उदेश्य राखेर देशव्यापी जनजागरण गराउने छौं । गराइरहेका छौं । राष्ट्रिय समाज सुधार संस्थाका शंकर मघैया भन्छन् । यसका लागि जेनजी आन्दोलनका शहीद पारूहाङ्ग कुथुमी राई (छत्रमान कुथुमी राई) को जिल्ला धनकुटा, २०४७ को संविधान हामी सबैको अभियान २०८० का ज्ञाता स्वर्गीय शरदचन्द्र दाहालको जिल्ला तेह्रथुम, राष्ट्रवादी राजनीतिक जनजागरणका महासचिव स्वर्गीय लोकनाथ भारतीको जिल्ला पाँचथरमा कार्यक्रमको थालनी गर्ने छौं उनले भनेका छन् ।यन्ता माया पाण्डेको गृह जिल्लामा यो सन्देशमूलक कार्यक्रम पस्केको थियो ।

यस अघि इन्द्रजात्राको पूर्व सन्ध्यामा कुमारी मन्दिरको अगाडिको डबलीमा ४५औं स्मृति कार्यक्रममा गरिएको थियो । राष्ट्रवादीहरू अझै सकृय देखिएका छन् ।



# Kailash and the Third Pole: From Sacred Geography to Shared Responsibility

**By: Galab Bahadur Dhungana**




For thousands of years, long before modern borders divided the Himalayas, Mount Kailash has stood at the center of one of humanity's most remarkable sacred geographies. In the Hindu imagination it became the abode of Shiva and Parvati, representing consciousness and energy, stillness and creation. Buddhists, Jains and followers of Bon developed their own profound relationships with the same mountain. Yogis and pilgrims approached it almost as a mystical library, a place where knowledge was sought through silence, meditation and transcendence. Modern science has since revealed a physical dimension to what these traditions expressed through reverence. Kailash sits within the Tibetan Plateau, Hindu Kush, Karakoram and Himalayan system known as the Third Pole, the greatest concentration of snow and ice outside the Arctic and Antarctic and a water tower for much of Asia.

Nepal belongs intimately to both sides of that story, the sacred and the physical. Its relationship with Kailash is not merely that of a modern transit country carrying pilgrims across a border. The medieval Khasa Malla kingdom, rooted in the Karnali region of what is now western Nepal, extended across Guge, Purang and Gangri, the country around Kailash, Manasarovar and Rakshastal, binding the Karnali world to the Tibetan Plateau. Trade, pilgrimage and religious exchange continued across the Himalayan passes long after that kingdom disappeared. The 1856 Treaty of Thapathali formalized substantial Nepali trading and diplomatic privileges in Tibet. A century later, the 1956 Nepal-China agreement ended that older treaty framework while formally recognizing trade, travel and pilgrimage across the Nepal-Tibet border. None of this creates a modern territorial claim. It establishes something more relevant today. Kailash and the Himalayan system surrounding it are part of Nepal's historical geography as well as its ecological future.

That ecological future is now in danger. The wider Hindu Kush Himalayan region stretches some 3,500 kilometers across eight countries and feeds ten of Asia's great rivers, the Indus, Ganges, Brahmaputra, Mekong, Salween, Irrawaddy, Yangtze, Yellow, Tarim and Amu Darya. Together, these rivers sustain the water, food, energy and livelihoods of nearly two billion people from Central Asia and China through the Indo-Gangetic plains to Southeast Asia. Yet this water tower is warming fast. Himalayan glaciers disappeared roughly 65 percent faster between 2011 and 2020 than in the decade before, and on current emissions trajectories could lose up to 80 percent of their present volume by 2100. Floods, landslides, unstable glacial lakes and shifting river flows will carry those consequences downstream, threatening water, food and energy security across much of Asia.

The recent catastrophe in Nepal should bring that danger into focus. A massive collapse of rock and glacial ice high in the Himalayan system turned almost instantly into a devastating flood downstream. Nepal has its own obligations here. It must build more carefully, conduct real geological and environmental assessments, and strengthen early warning systems. But Nepal did not create global warming. Its share of global greenhouse gas emissions is around one-tenth of one percent, even as it sits beneath one of the world's most rapidly changing mountain systems.

The larger accounting has to be honest in both directions. The industrialized West still carries the greatest historical responsibility for the carbon already in the atmosphere. But China and India are no longer latecomers. In 2024, China accounted for roughly 32 percent of global fossil-fuel CO emissions, the United States 13 percent, and India 8 percent. Historical and present responsibility differ, but neither can be waived. Both create obligations toward countries that contributed least to this crisis and face some of its gravest consequences.

China and India carry a particular regional responsibility. They are major contemporary emitters, major beneficiaries of the rivers the Third Pole sustains, and two of the powers best placed to lead a regional response. No single nation can protect a system this vast. Asia needs a common Himalayan framework built around real-time data sharing, joint monitoring of glaciers and unstable slopes, coordinated early warning and disaster response, shared infrastructure standards, and climate financing for vulnerable mountain states. The foundation already exists. In 2020, all eight Hindu Kush Himalaya countries endorsed greater cooperation and agreed to consider a regional institutional mechanism. What Nepal, China and India owe the region now is not another declaration, but the political will to make that commitment real.

Kailash draws these threads into one place. For the pilgrim it has always meant consciousness and transcendence. For Nepal it is part of a trans-Himalayan history older than any modern border. For science it stands at the heart of a system nearly two billion people depend on to live. Our ancestors had no satellites or climate models, yet they treated these mountains, rivers and lakes as sacred. They expressed human dependence on nature through reverence. Modern science now demonstrates the scale of that dependence. Protecting Kailash and the Himalayas it anchors is no longer only a spiritual or environmental question. It is a shared responsibility of every government and person whose future runs through these mountains.

# Great Challenges for achieving the millennium development goals and targets in Nepal




Several Heads of the State when they met at a session of the United Nations General Assembly in September 2000 made a new pledge and commitment for uplifting the general prosperity and human development. The Millennium Declaration adopted by 147 Heads of State on 8 September 2000 reaffirms the Commitment of the rich and the poor countries to eliminate extreme poverty and ensures the right to development for everyone. The Millennium Declaration makes a solemn pledge "to free men, women and children from the object and dehumanizing conditions of extreme poverty." The Declaration provides a clear and targeted vision with a shared responsibilities and commitment among nations towards universal human rights, Justice and social upliftment. That gave rise to specific goals and targets, in the form of "Millennium Development Goals" and countries were invited to fulfil those targets within a time frame. The target in 2015, The Millennium Development Goals also specifies on the need for a special global partnership and calls for concrete contribution from nations and societies towards peace, prosperity and economic security with improved quality of life for all human beings.

The Millennium Development Goals (MDG) which aims to reduce extreme poverty and hunger, achieve universal primary education, promote gender equality and empower women, reduce child mortality, improve maternal health, combat HIV/AIDS, malaria and other diseases, ensure environmental sustainability and develop a global partnership for development should not remain as mere solemn pledge, but should be pursued and materialized within nations through active cooperation and contributions from all sections of the society. The fulfillment goals are citizens and communities responsibilities in transforming social structure for better human living by creating a new more just and less impoverished and secure global order.

Beside the other countries there are the goals and targets of Nepal.

1. Goal 1: Eradicate Extreme Poverty and Hunger.
   Target 1: Halve, between 1990 and 2015, the proportion of people whose income is less than $1/day.
   Target 2: Halve, between 1990 and 2015, the proportion of people who suffer from hunger.
2. Goal 2: Achieve Universal Primary Education
   Target 3: Ensure that by 2015, children everywhere, boys and girls alike, will be able to complete a full course of primary schooling.
3. Goal 3: Promote Gender Equality and Empower Women
   Target 4: Eliminate gender disparity in primary and secondary education, preferably by 2005, and in all levels of education no later than 2015.
4. Goal 4: Reduce Child Mortality
   Target 5: Reduce by two thirds, between 1990 and 2015, the under-5 mortality rate.
5. Goal 5: Improve Maternal Health
   Target 6: Reduce by three quarters, between 1990 and 2015, the maternal mortality ratio.
6. Goal 6: Combat HIV/AIDS, Malaria, and Other Diseases
   Target 7: Have halted by 2015, and begun to reverse, the spread of HIV/AIDS.
   Target 8: Have halted by 2015, and begun to reverse, the incidence of malaria and other major diseases.
   Target 9: Integrate the principles of sustainable development into country policies and programs and reverse the loss of environmental resources.
   Target 10: Halve by 2015, the proportion of people without sustainable access to safe drinking water.
   Target 11: By 2020, achieve a significant improvement in the lives of at least 100 million slum dwellers.

For achieving these goals and targets Government of Nepal should plan along with 16th annual program.



Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# परिपक्व भूप्रयोजन योजनाको खाँचो



डा.शास्त्रदत्त पन्त

भूप्रयोजन :

२.१. भूप्रयोजन नक्साको खाँचो :

२.१.१. जनचेतना बढेपछि आफै बन्दछ ९ एभचकगबकष्खभ ध्बथ० भनेर पर्खने एकथरी पाश्चात्य विचारको भनाइमा लाग्ने हो भने त्यस बेलासम्म सबै बितिसक्ने छ । वन विनास हुनेछ, भू-सतह मरूभूमि हुनेछ, नदी-किनाराका धान खेत बगर हुनेछन् । माटो जति सबै हिन्द महासागरमा पुग्नेछ । जता हेर्‍यो पैरो देखिने छ, भदौमा पनि हरियो देखिने छैन । आज हामी के जनता, के सरकार सबै तत्कालीन खाँचो पूर्ति गर्ने साँझ बिहानको रोटीमा व्यस्त भएका छौं । यसै गरी रह्यौं भने हामी त्यस बेलासम्म घरभित्र बसेर एउटा रोटीका लागि लडिरहेका हुनेछौं, जुनबेला घरलाई पहिरोले बगाइरहेको हुनेछ । अब हामीले अहिलेका कुराभन्दा सयौं-हजारौं वर्षपछिका कुरालाई पनि सशक्त रूपमा कार्यक्रम चलाउनु पर्ने बेला आएको छ ।

२.१.२.अहिले देशका ६ जिल्लाको ६०० वर्ग कि.मि. क्षेत्रलाई २३ उप जलाधार क्षेत्रमा विभाजन गरी एकीकृत जलाधार कार्यक्रम लागु गरिएको छ । त्यस्तै जिल्लाहरूमा भूसंरक्षण कार्यालय खोलिएको छ । गरीवी निवारण र वातावरण संरक्षणको लक्ष्य एकैपल्ट हासिल गर्न गल्छि पहिरो नियन्त्रण, खोला किनार संरक्षण, क्षति ग्रस्त भूमिको पुनःस्थापना, पोखरी निर्माण, प्राकृतिक प्रकोप रोकथाम, सामुदायिक वन व्यवस्थापन, आयमूलक कार्यक्रम, सहकारी/लघु ऋण जस्ता कार्यक्रम संचालन गरिएका छन् । त्यसलाई दीगो पन दिन एउटा मात्र सस्तो र सुलभ उपाय छ । त्यो हो भू प्रयोजन नक्सा तयार गरेर त्यस अनुसार व्यवस्थित वस्तीको निर्माण गर्नु ।

२.१.३. देश भनेको पृथ्वीको एक भूखण्ड हो । त्यो भूभाग अथवा देश नरहे हामी रहँदैनौं । देशलाई स्वस्थ र मजबुत बनाइराख्न केही दरिला कदमहरू थालिसक्नु पर्ने आजको खाँचो हो । हाम्रो भूभाग ओरालो-उकालो भएकोले त्यो रोग सर्वप्रथम हामीकहाँ लाग्दछ । त्यसबाट बंच्न सबै बासिन्दा एकजुट भएर इमान्दारीपूर्वक सर्वप्रथम हामीले नै उपचारका उपायहरू अवलम्वन गर्नु पर्दछ । यो थालनी गाउँतहबाट नै हुनुपर्दछ ।

२.१.४.यी सम्पूर्ण समस्या सुल्झाउन र हालसम्म पनि रहीरहेका निकायहरूलाई एउटा दीर्घकालीन वैज्ञानिक, योजनाबद्ध, भूमिव्यवस्था हुनु अत्यन्त खाँचोको विषय भएको छ ।

२.१.५.यी सबै काम हुनलाई एकातिर जनसंख्याको अनुपातमा जग्गाको व्यवस्था गर्नु परेको छ भने अर्कोतर्फ भूक्षेत्रलाई आवश्यक्ताको हिसावले स्पष्ट र वैज्ञानिक आधारमा दीगो रूपमा विभाजन गर्नु पनि आजको खाँचो भएको छ । यस्ता कार्यक्रम तल उल्लेख भए अनुसार हुनुपर्दछ ।

२.२. भूप्रयोजन नक्साको नीतिः

२.२.१. भू-उपयोगका लागि भू-प्रयोजन नक्साको निर्माण ।

यी सबै कुराको पहिले पूर्वाधार भू-प्रयोजन नक्सा हो । नक्सा निर्धारण गर्ने टोली निर्माण गर्ने समयाबधि र तरिकाको बारेमा यस पछि उल्लेख गरिएको छ ।

२.२.२.भू-उपयोगमा ल्याउने तरीका ९ एचयअभककभक याबिलम(ग्कभक०

२.२.२.१.कुन ठाउँको कुन जग्गा के कामका लागि उपयोगमा ल्याउँदा पर्यावरण खलबलिँदैन, उत्पादक्तव बढी दिन्छ र धेरै मानिसले रोजगार पाउँदछन्, आर्थिक रूपले सम्पन्न हुन सक्दछन् भन्नका लागि देशव्यापी रूपमा एउटा नक्साको खाँचो पर्दछ । यस नक्सालई भू-उपयोगिता नक्सा भनी नाम दिइएको छ । यो नक्सा सबैले बुझ्न सक्ने प्राकृतिक बनोटको रूपमा आउने उपयुक्त र एउटै मानको हुनुपर्दछ ।

यसै नक्साका आधारमा पछिसम्म कहाँ के गर्ने भन्ने समेत पूर्वानुमान गर्न सकिन्छ । वातावरण, प्रबिधि र जनजीवनसमेतमा व्यापक अन्तरक्रिया गरेर दीर्घ र स्थायी योजना गर्नु पर्दछ । जुनसुकै सरकार बने पनि यस नीति र योजनाले निरन्तरता पाउनु पर्दछ ।

२.२.२.२. नक्सा नापी विभागबाट तयार भइसकेपछि त्यसमा प्रत्येक सम्बन्धित कार्यालयका खास गरेर वन, कृषि र आवासका विशेषज्ञले पहिलो चरणको काम गर्नु पर्दछ । उनीहरूले कृषि, वन र आवास क्षेत्र स्पष्ट किटान गरी छुट्याइदिनुपर्दछ ।

२.२.२.३. कृषि क्षेत्रमा अन्नखेती, बनखेती, रूख खेती, माछापालन आदि केहो त्यसका लागि भूउपयोगिता नक्सामा नै किटान गरिदिनुपर्दछ ।

२.२.२.४.उल्लिखित नीति बमोजिम वस्ती बसाउन उपयुक्त ठहरिएका ठाउँहरूलाई नक्सामा स्पष्टगरी देखाइदिनु पर्दछ । सबै कारणहरूले उपयुक्त ठहरिएका ठाउँहरू बसोबासका लागि तोकिनुपर्दछ । ४० डिग्री भन्दा बढी भिरालो ठाउँ वा उर्वरा भूभाग र बाढी, पहिरो खोलाको भय हुने ठाउँलाई बसोबासका लागि तोकिनु हुँदैन ।

२.२.२.५.अन्न खेती र बसोबास छुट्याइएको भूभागदेखि बाहेक अरू सबै भूभाग, नीजी होस् वा सरकारी सबैलाई वनक्षेत्र बनाइनुपर्दछ । वनक्षेत्र नक्सामा स्पष्ट किटान गरी छुट्याउनु पर्दछ । निजी भए निजीरूपमा, सामुदायिक वा सरकारी भए सोही अनुसार वनक्षेत्र तोकिएका ठाउँमा कानूनले तोके बमोजिम वन/अन्य खेती गरिनुपर्दछ । यसरी तोकिँदा सबभन्दा उपयुक्त वस्तु कुन कुन फाँटमा हो त्यसमा तोकिने हुनाले त्यो टिम्बुर, बाँस, नियालो, च्युरी, मालागीर, बेल वा मिश्रित केही पनि खेती हुन सक्दछ । यी सबै नक्सामा स्पष्ट कीटान गरिनुपर्दछ । सोही बमोजिम प्रयोगमा ल्याउन कानूनी अधारमा अनिवार्य पनि गरिनुपर्दछ ।

२.२.२.६.प्रत्येक चकला वा चाउका ९एयित० पनि भूप्रयोजननक्सामा चाउकाको नम्बरसहित स्पस्ट अँक्ति हुनुपर्दछ ।

२.३.जमीन खण्डीकरण :

*एसियाप्रशान्त क्षत्रका मुलुकमा भएको जनसंख्या बृद्धिले गर्दा जग्गाको खण्डीकरण कार्य तीब्र रूपले बढेकोछ । कृषि विकासका लागि यो संबेदनशील रूपमा रहेकोछ । कमजोर कृषिव्यवस्थपन र परंपरागत कृषिउद्योगले कृषिउद्योगको लागत बढेको हो । युरोपियन क्षेत्रमा जमिनको सानो टुका हुन्छ । अमेरिकामा १८० हे.को न्युनतम टुक्रा हुन्छ । एसियाप्रशान्त क्षेत्रमा आधा हेक्टर भन्दा पनि सानो टुक्रामा जनताले जीवन यापन गरेका छन् । नेपालमा भिन्नै तथा मौलिक रूपमा जमिन उपभोग गर्नुपर्दछ । त्यो विकासोन्मुख सबै देशका लागि मार्ग दर्शन हुन्छ ।*

*२..४. चाउकाको निर्माण । चाउकाहरू साधारणतया निम्न प्रकारका हुन्छन्*

*खेती चाउका, आबास , र व्यावसायिक ।*

२.५. खेती-चाउका :

- न्यूनतम चाउका त्यत्रो आकारको हुनुपर्दछ जुन चाउकामा आधुनिक रूपले तथा परिवारको श्रमले मात्र खेती गरिँदा त्यस परिवारको जीवनयापन राम्ररी संचालन हुन सकोस् ।
- यस्तो चाउका कति क्षेत्रफलको हुनु पर्दछ भन्ने निर्धारण सम्बन्धित गाउँएकाइ गर्नुपर्दछ ।
- उल्लिखित चकला वा चाउका भूप्रयोजन नक्सामा प्लट नंबर सहित स्पस्ट अँक्ति हुनुपर्दछ ।
- सो प्लट नंबर र प्लटको क्षेत्रफल अपरिवर्तनीय हुनुपर्दछ ।
- सो प्लट भूमि सुधारको नीति अनुसार न्यूनतम हद हुनुपर्दछ, अर्थात अधिक्तम हद जस्तै त्यसलाई घटाएर सो भन्दा सानो बनाउन कानूनले नै बन्देज लगाउनु पर्दछ ।
- यस्तो प्लट अंशवण्डा गरेर वा अरू कुनै कारणले टुक्र्याउन नपाइने हुनु पर्दछ ।
- यस्तो प्लट सुक्री-विक्री गर्न पाइन्छ तर किन्नेले पूरै किन्नु पर्दछ र बेच्नेले पनि पूरै बेच्नुपर्दछ ।
- यस्तो भू उपयोगी नक्साले पनि दीगो रूप पाउनु पर्दछ ।
- एउटै व्यक्तिले एक भन्दा बढी प्लट उपभोग गर्न सक्दछ ।
- आबास चाउका सबै परिवारले पाउनै पर्दछ । खेतीचाउका ऐच्छिक हो ।
- कृषि र गैर कृषि तथा अन्य व्यवसायको लगत यहीँबाट स्पष्ट रूपमा छुट्टिनु पर्दछ ।

२.६. आवास-चाउका :


- आबासको प्रयोजनकालागि योजना गरिएको व्यवस्थित गाँउ वा व्यवस्थित शहरको आवास क्षेत्रका चाउका अर्थात प्लट आवास हो ।
- कृषि व्यवसाय बाहेक अरू व्यवसाय गर्नेलाई आवासक्षेत्रमा घडेरीको व्यवस्था सुरूमै गरिएको हुनुपर्दछ ।
- गैरकृषि व्यवसायलाई जीवन सञ्चालनको मार्ग बनाउनेहरूका हकमा आवास क्षेत्रमा दिइने घर प्लट पनि नक्सामा स्पष्ट तोकिनु पर्दछ ।
- यी प्लट नक्सामा हुनुपर्दछ ।
- जुनसुकै व्यवसाय गर्ने एक नेपाली परिबारको अनिबार्य रूपमा न्यूनतम एउटा आवास प्लट हुनुपर्छ ।
- कोही पनि नेपाली घरबिहीन वा सुकुम्बासी हुनुहुँदैन । कृषि रोजगारमा लाग्ने मानिसको वा परिवारको आवासका अतिरिक्त अर्को खेती-चाउका पनि हुन सक्दछ । त्यस्तै गैरकृषि रोजगार गर्ने मानिसको अर्को व्यवसायिक धर प्लट पनि हुन सक्दछ ।
- एउटा परिवारको एउटा घर अनिबार्य हुन्छ तर एक भन्दा बढी जति पनि हुन सक्दछन् ।

# राष्ट्रिय पुस्तक दिवस, सर्वोदय पुस्तकालय र म



सुरेशकुमार पाण्डे

१९औं राष्ट्रिय पुस्तक दिवसको दौरान सर्वोदय पुस्तकालय घोराही, दाङले दाङ जिल्लाका आदरणीय व्यक्तित्व, पत्रकार तथा लेखक ९७ वर्षीय नारायण गुरूज्यूलाई सम्मान गरेको छ । त्यही दौरान तीनजना नियमित पाठकलाई पनि सम्मान गरेको छ । यस्तो सराहनीय कार्यको जति प्रशंसा गरे पनि थोरै हुन्छ । त्यसकारण म प्रशंसा गर्नेतिर लागिनँ, बरू केही विषयवस्तुमा प्रकाश पारियो ।




सर्वोदयले नारायणप्रसाद शर्मालाई सम्मान र पुरस्कृत गर्‍यो, यस्तो काम सरकारद्वारा हुनुपर्ने हो । हाम्रो देशका यस्ता अमूल्य धरोहर, जिउँदा इतिहासको संरक्षण र प्रवर्द्धन सरकारले गर्नुपर्ने हो । साथै सर्वोदयजस्ता नमुना पुस्तकालय तथा वाचनालयको समेत सम्मान गरेर एउटा ऐतिहासिक पाइला चाल्नुपर्ने सरकारको दायित्व बन्छ ।

तर हाम्रो देशको सरकार कहिले राणाको गुणगान, कहिले राजा र पञ्चायतको भजनमा व्यस्त रह्यो । उसलाई देशका अमूल्य धरोहरको बारेमा सोच्ने-सम्झिने फुर्सद नै भएन । यो अहिले होइन, धेरै पहिलेदेखिको रोग हो ।

एकजना जयपृथ्वीबहादुर सिंहले नेपाललाई विश्वमा चिनाउने प्रयास गरेका थिए । भाद्र ७ गते वि.स. १९३४ मा सेती अञ्चलको बझाङमा जन्मेका थिए र उनी पछि बझाङका राजा पनि भएका थिए । पेसाले उनी भाषा, साहित्य, पत्रकारिता, शिक्षा, स्वास्थ्य, समाजसुधार आदिमा संलग्न थिए । नेपाली बौद्धिक व्यक्ति, उनले लेखेको अक्षराङ्क शिक्षा नामक पुस्तक नेपाली भाषाको पहिलो पाठ्यपुस्तक मानिन्छ । त्यस्तै उनको 'प्राकृत व्याकरण' नामक अर्को पुस्तक पनि गोरखापत्र छापाखानाबाट वि.स. १९६९ मा प्रकाशित भएको भनिन्छ । जयपृथ्वीबहादुर सिंहले लेखेका नेपाली भाषाको पुस्तक अक्षराङ्कमा देवनागरी लिपिका सावाँ अक्षर, गणितका साधारण हिसाब, तत्कालीन चलनचल्तीमा रहेको नापतौल, वर्ष, महिना र दिन, ऋतु, अंग्रेजी महिनाका नाम आदि कुरा समावेश गरिएका थिए । उनको यसै पुस्तकमा बाह्रखरी, अक्षर ज्ञान, गणितको एकावली, पहाडा लगायत इस्लाम धर्म र चाडपर्वका विषयमा पनि लेखिएको बताइन्छ । अक्षराङ्क शिक्षा वि.स. १९५८ मा प्रकाशित भएको थियो । यस्तै आनन्दसिंह थापा भारतमा नेपाली भाषाका अगुवा व्यक्ति हुन् । उनले सन् १९५६ मा भारतका तत्कालीन प्रधानमन्त्री जवाहरलाल नेहरूलाई एउटा ज्ञापनपत्र बुझाएर नेपाली भाषालाई संविधानको आठौँ अनुसूचीमा समावेश गर्न माग गरेका थिए, जो लामो ऐतिहासिक संघर्षपछि सन् १९९२ अगस्ट २० मा भारतले सामेल गर्‍यो ।

भारतमा नेपाली भाषाको माग अत्यन्तै आवश्यकता थियो, किनकि सुगौली सन्धिद्वारा जमिनसँगै ठूलो संख्यामा नेपाली सन्तान पनि भारतमा पुगेका थिए । यस्ता कयौँ व्यक्तिहरू छन् जसले नेपाली भाषा-संस्कृतिका लागि निरन्तर लडेका छन्, जसलाई स्वयं सरकारले खोज-अनुसन्धान गर्नुपर्ने हुन्छ ।

आज धेरै मानिसहरूले भन्छन्– फेसबुकले मानिसलाई बिगार्‍यो! कयौँले भन्छन्– प्रविधिले युवा बालबालिकालाई गलत पाठ पढायो । त्यो पनि केही मात्रामा हुन सक्छ । तर मेरो आफ्नो विचारमा विज्ञानले प्रविधि र टेक्नोलोजी जन्मायो, मुहारपुस्तिकाले थुप्रै कुराहरू पनि सिकायो । कुनै पनि वस्तुभित्र सकारात्मक र नकारात्मक पाटाहरू हुन्छन् । जसले जुन पाटो अपनायो, उसले उसैको स्वागत गर्‍यो । बिग्रने-सप्रने भनेको व्यक्तिको विवेकमा भर पर्ने कुरा हो, अन्य विषय त केवल स्रोत मात्र हुन् ।

यद्यपि उपरोक्त विचार साना बालबालिकामा भने लागू हुँदैन । तर बालिगहरूलाई फेसबुकले होइन, उनीहरूको विचार र व्यवहारले नै बिगारेको-सपारेको हुन्छ ।

कयौँ बौद्धिक व्यक्तिहरू कुनै सवारी दुर्घटना भयो भने त्यो सबै त्यही वाहनको दोष ठान्दछन् र त्यसलाई प्रतिबन्ध लगाउने कुराहरू पनि वेलाबखतमा गर्छन् । त्यो विचारलाई मैले सही भन्दैन । आज पनि विकासलाई साथ-सहयोग दिनुपर्छ । एउटा जेसीबीका कयौँ गुण छन्, केही अवगुण पनि छन् । तर त्यसको अर्थ त्यसलाई रोक्नु भनेको विकासको बाधक हुनु हो । बरू हामीले त्यसलाई सही रूपमा अपनाउनुपर्छ । यो सोसल मिडिया फेसबुक पनि यस्तै हो ।

कयौँ बौद्धिक व्यक्तिले कुनै स्ट्याटस टाँसीहालेपछि त्यसैमा थुप्रै टिकाटिप्पणीहरू आउँछन् । यस्ता थुप्रै आदरणीय व्यक्ति, देशभित्रका थुप्रै अमूल्य धरोहरको खोजबिन गर्ने र त्यस्ता काममा चासो राख्नेहरूको जमात पनि हाम्रो बीचमा हुनुहुन्छ । यस्तै खोजमूलक विचारले देशको विकास गर्छ, नकारात्मक विचारधारालाई त्यसले नष्ट गर्छ ।

सबैले मुहारपुस्तिकालाई दोष दिने र धारेहात लगाउने गर्छन्, तर साम्राज्यवाद जसले आणविक हतियार बनाएको छ, त्यो बमगोलाहरूलाई अन्धाधुन्ध बिक्री-वितरण गर्दै आएको छ, त्यसलाई कसैले गलत भन्दैनन् । जसले घर-घरमा आतंकवाद जन्माएको छ, त्यसको विरूद्धमा कसैले आवाज उठाउँदैनन् । लागूऔषधको कारोबार हुन्छ, युवाहरूको भविष्य त्यसले नष्ट गरेको छ, उनीहरूलाई अन्धकारमा धकेलेको छ । त्यसको विरोधमा खै आवाज उठेको? हाम्रो समाजको इतिहास नै टिठलाग्दो छ । इतिहासलाई अध्ययन गर्‍यौँ भने धेरै गलत कुराहरू त हामीले आफूभित्रै भेटाउन सक्छौँ ।

देशमा राणाहरूको विरूद्धमा आन्दोलन चल्यो, त्यो आन्दोलनको उठान गराउने क्रममा राणाहरूको विरूद्धमा जनतालाई आक्रोशित बनाउनुपर्ने आवश्यकता थियो । राणाहरूको व्यवस्था जहानियाँ मात्र थिएन, खुनी निरंकुश पनि थियो । जसले शुक्रराज शास्त्री, धर्मभक्त माथेमा, दशरथ चन्द, गंगालाल श्रेष्ठ लगायतका व्यक्तिहरूको संघर्ष र त्यागका कुराहरू आए । त्योसँग जोडिएका कयौँ कुराहरू ओझेलमा परे । कुनै राणा तानाशाह व्यवस्थाभित्रको कुनै बौद्धिक व्यक्ति पनि त होलान्, त्यसको खोज गरिएन । तर इतिहास भनेको जस्ताको तस्तै हुनुपर्छ । वि.स. २००७ साल पहिलेका कयौँ देशका सम्पत्ति सबै स्वाहा भएका त होइनन् होला, तर त्यसको खोजबिन गर्ने प्रवृत्तिको विकास हुन सकेन । मात्र भत्काउने, नष्ट गर्ने, स्वाहा पार्ने काम भयो; तर बनाउने, संकलन गर्ने, संवर्द्धन गर्ने काममा सधैँ समाज पछि रह्यो ।

राजतन्त्रको विरूद्धमा आन्दोलन चल्यो, सबै राजाहरूलाई एउटै घानमा पेलियो । पृथ्वीनारायण शाहजस्तो एकीकरणका नेता वा नेतृत्वकर्ता अन्य पनि होलान् भन्ने सोच त आएन, स्वयं पृथ्वीनारायण शाहका सालिकहरूसमेत तोडियो । त्यही प्रकारले गत जेनजी आन्दोलनमा देशमा लामो समयदेखि निःस्वार्थ देश र जनताको हितमा काम गर्दै आएका राजनीतिज्ञहरू सबैलाई एउटै घानमा हालेर पेलियो । परिणाम– आज संसद्भित्र कयौँ त्यागी नेताहरू पुग्न सकेनन्, जसले देश र जनताको हितमा अमूल्य सुझाव-सल्लाह दिन सक्थे । सरकार जोसुकैको होस्, त्यहाँ प्रतिपक्ष समझदार छ भने सरकार पक्ष पनि सचेत हुन्छ । सरकार सही मार्गमा हिड्न बाध्य हुन्छ ।

अब एकीकरणका पिता पृथ्वीनारायण शाहलाई सम्मान गरेपछि ढुक्क छन् । हामीले नेपालको एकीकरणमा वीरगति पाएकाहरूलाई कसरी मूल्यांकन गर्ने गरेका छौँ? पृथ्वीनारायण एक्लैले मात्र त देशको एकीकरण हुन सकेन होला? तमाम सेनाहरूको साथ, सहयोग र त्याग-बलिदान पनि छ । तर हाम्रो समाजले यस्ता अमूल्य धरोहरको पनि जोगेरणा गर्नुपर्छ कि?

मानिसभित्र सबै गुण सही नहुन सक्छन् । मानिसमा कयौँ नराम्रा बानीहरू पनि हुन्छन्, त्यो आफ्नो ठाउँमा छ । त्यसको बारेमा पनि उनीहरूको जीवनीको अध्ययन गर्नु ठिक हुनेछ । तर देशको लागि नेपाललाई एकीकरण गर्दा वीरगति पाएका थुप्रै योद्धाहरू पनि छन् । शैक्षिक सामग्रीमा पर्याप्त समेटिनुपर्छ ।

जस्तैः काजी कालु पाण्डे– जसले वि.स. १८१४ को कीर्तिपुरको लडाइँमा वीरगति पाएका थिए । उस्तै काजी तुलाराम पाण्डे कान्तिपुरको लडाइँमा वीरगति पाए, काजी नयनसिंह थापा– अल्मोडाको लडाइँमा, सरदार भक्ति थापा वि.स. १८७१ देउथलको लडाइँमा, सेनापति शिवरामसिंह थापा साँगाचोकको लडाइँमा वीरगति पाएका थिए । कतिलाई थाहा छ यो गाथा ।

यस्तै वीर अमरसिंह थापा पलाञ्चोक, जयकृष्ण कुँवर तिमालको लडाइँमा, परशुराम थापा समनपुरको लडाइँमा, सरदार गन्धर्व राणा काँगडाको लडाइँमा, भास्कर राणा दिगर्चाको लडाइँमा, चौतारिया हस्तिदल शाह वि.स. १८७१ को अल्मोडाको लडाइँमा, केहरसिंह बस्नेत सतहुँको लडाइँमा आदि थुप्रै वीरहरू राष्ट्रिय एकीकरणमा वीरगति पाएका छन् । यद्यपि पछि देशको ठूलो भूभाग देशले गुमायो, तर जो पनि लडेका थिए, उनीहरूको उद्देश्य देशलाई विशाल बनाउने नै थियो । प्रत्येक नागरिकहरूले देशलाई सही रूपमा बुझ्नुपर्छ ।

यस्तै प्रकारले देशका अन्य विभूतिहरू छन् जसलाई खोजबिन गर्ने र उनीहरूको योगदानको जोगेर्ना गर्नुपर्ने आवश्यकता छ । देशमा आएको बहुदलीय व्यवस्थापछि हाम्रो देशका राजनीतिक शक्तिहरू पद-प्रतिष्ठाको भागबण्डामा यसरी अल्झिए कि सत्ता र भत्ताबाहेक अरू कुनै पनि चिजलाई देख्न सकेनन् । एउटाले अर्काको खुट्टा तान्ने काममा सधैँ अल्झिएका छन् ।

अहिले त पठन संस्कृतिको अत्यन्तै अभाव देखिन्छ । कुनै दिन यस्तो थियो, बजारमा पुस्तकहरू नपाएर कसैले भारतको बनारस वा बुटवल, काठमाडौँदेखि मगाउनु पर्थ्यो । आज सर्वोदयजस्ता पुस्तकालय तथा वाचनालय छन्, जसले पुस्तक मात्र उपलब्ध गराइदिँदैनन् बरू निःशुल्क अध्ययन गर्ने र प्रस्तुत गर्ने मञ्चसमेत उपलब्ध गराएका छन् ।

पाठकले आफ्नो इच्छाअनुसार पुस्तक छानेर निःशुल्क अध्ययन गर्न सक्छन् । फिर्ता दिने गरी १०-१५ दिनलाई पुस्तक आफ्नै घरमा लिएर अध्ययन गर्ने साइत पनि सर्वोदयले जुराइदिन्छ । त्योभन्दा पनि महत्वपूर्ण विषय, अहिले त सर्वोदय पुस्तकालय तथा वाचनालयले पाठक वर्गलाई प्रोत्साहन दिने हेतुले पाठक पुरस्कारसमेत दिँदै पठन संस्कृतिमा ठूलो टेवा पुर्‍याएको छ ।

अहिले नयाँ पुरस्कारको स्थापना गरेर सबैका गुरू आदरणीय व्यक्तित्व नारायणप्रसाद शर्मालाई पहिलो पुरस्कार प्रदान गरेको छ । म यो नेक कार्यका लागि संस्थाका अध्यक्ष सुशील गौतम लगायत सम्पूर्ण टिमलाई धन्यवाद पनि नभनी रहन सकिनँ । यस्तै नेक कामगर्ने व्यक्तिहरूका कारण समाज अघि बढ्दै जानेछ ।

पो.ब.नं. काठमाडौं ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४० भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४

मंगलबार Tuesday
२०८३ भदौ २३, Sep. 8, 2026





## अन्तिम पातो - शाश्वत शर्मा

### शुरू भएको हो त ?

ललितपुरको भैंसेपार्टीका होटलमा अमरेश कुमार सिंहले घोषणा गरे, १३८ सांसद कन्फर्म भएपछि बालेन सरकार ढल्छ । एक विश्लेषले यो अन्तर्वार्ता जानकारी दिंदै भनेका थिए- बाढीको यो बितण्डाले गर्दामात्र हो, अहिले अलमल भएको । अन्यथा रास्वपाकै एकसय अतीसभन्दा बी सांसद प्रम बालेन साका विरूद्ध गइसक्ने थिए । अर्थात् बाहिर प्राकृति महामारी चलिरहेको छ, रास्वपाभित्र नेतृत्व परिवर्तनको महामारी । हुन त कुनै पनि सरकारले ५ वर्ष शासन चलाएको रेकर्ड नै छैन । त्यसो त अमरेश कुमार सिंह रास्वपाकै सांसद हुन् । सुरू देखि नै उनी बालेन साह नेतृत्वको कडा आलोचक रहेका छन् । जानिफकारहरू यसलाई भारतको अमेरिकाविरूद्धको चलखेल भन्दैछन् । अमेरेशकुमार भारतपक्षका हुन् । बालेन अमेरिकी मोर्चाका हुन् भन्ने अमरेशकुमार बालेन विरूद्ध मोर्चावन्दी कसिरहेका छन् । अनुमान गरिदैछ कि अमरेशको षडयन्त्रमा सभापति रवि लामिछानेको पनि साथ र सहयोग छ । अमरेश सही हुन् भने नेपालमा भारत फेरि अस्थिरताको राजनीतिक माहोल निर्माण गर्दैछ । बालेन सरकार बनेको केही दिनमै प्रचार गरिएको थियो- नेपालमा मध्यावधि चुनाव हुनेछ । दुर्गा प्रसाई, धवल शमशेरहरूलाई समेत सडकमा उतार्न भारतीयहरू सकृय रहेका देखिन्छन् । पुराना ठूला दल कांग्रस, एमाले, नेकपा त बालेन विरोधी हुने नै भए ।

राजनीतिक र कूटनीतिक बृत्तमा प्रश्न उठेको छ- यो सरकार ढलपल भएकै हो त ? स्थिर भनिएको झण्डै दुई तिहाईको सरकार ढल्छ त ?

केही विश्लेषकहरू भन्छन्- सरकार ढल्दैन, यो सम्भव छैन । युरेनियम, एपीपी, दलाई लामा घोषणा, अमेरिकी सैनिक क्याम्पजस्ता मसलाहरूमा बालेनको स्पष्ट औपचारिक धारणा बाहिर आएको छैन । यसकारण पनि यो सरकारलाई कसैले ढाल्न त के हल्लाउन पनि सक्दैन । अहिलेसम्म बालेन बोल्ड निर्णयकर्ता हुन् । ढलपल भए भने भोलिका दिनमा भन्न सकिन्छ । बालेनले गल्ती गरे, भ्रष्टाचारमा मुछिन पुगे भने भोलिका दिनमा उनले भाग्नलाई हेलिकोप्टर पनि पाउने छैनन् । तर अहिले त्यस्तो स्थिति छैन । भैंसेपार्टी होटेलमा एकजना पूर्व आइजीपीसहितको चारपाँच जनाको मिटिङमा अमरेशकुमार सिंहले त्यस्तो दावी गरेता पनि बालेन सरकार अहिलेसम्म सडक र सदनमा मजबुत नै देखिन्छ । कांग्रेसी स्रोत भन्छ, जसरी ०६३ मा सात दललाई १२ बुँदे दिल्ली सम्झौतामा निहुरीमुन्टी न बनाइएको थियो, राजसंस्था बिस्थापन गराएको थियो । अमरेशकुमार पहिले भारतको कांग्रेस आइका खास मान्छे थिए, भाजपाले तिनलाई आफ्नो खास मान्छे बनाएको छ र उनैमार्फत नेपाली राजनीतिलाई विषालु बनाउने काम गरिरहेको देखिन्छ । अहिले अमरेश सरकार ढलाउन एक एक ढोकालाई ढक्ढक्याउन थालेका छन् । गतवर्ष जेनजी आन्दोलन र त्यसपछि केही समय बालेन साहसँग नजिक देखिएका सांसद अमरेशकुमार अहिले एकदमै क्रुद्ध देखिन्छन्, कारण के होला ? भनिदैछ, वास्तवमा व्यक्तिगत रूपमा ती सिंह अझै पनि बालेनप्रति सद्भाव र विश्वास नै राख्ने व्यक्ति हुन् । एक त मधेशी मूलका हुन् दुबै । दोस्रो सिंहको मातृदल नेपाली कांग्रेसलाई मूल राजनीतिबाट बाहिर राख्ने व्यक्ति पनि हुन् बालेन । नेकासँग अमरेशको छत्तीसको आँकडा छ । खासगरी देउवा र गगनहरूसँग । तर आफ्ना पुराना दुश्मनहरूलाई सबक सिखाउन सक्ने भए पनि अमरेशको दुःखेसो आफ्नै किसिमको छ । मतलव दिल्लीको लाइन । अब त्यताबाट लाइन आइसकेपछि जतिसुकै सद्भाव र विश्वास भए पनि अमरेशलाई आफ्नै पार्टीका नेताविरूद्ध चलखेल गर्नुपर्ने बाध्यता छ । महत्वपूर्ण मन्तालयमा मन्त्री बनाएको एकातिर झोक छ भने अर्कातिर मालिकको लाइनलाई अवज्ञा गर्नसक्ने कुरै भएन । तसर्थ अमरेश चलखेलमा छन् । जेहोस्, बुझ्न सकिन्छ कि आउँदा दिनहरू अझ कठिन हुनेछन् । प्राकृतिक प्रकोपको घाउ भरिन वर्षौं लाग्ने स्थिति छ । दुई तिहाइको सरकरामाथि गरिने प्रहार र त्यसबाट उत्पन्न हुने राजनीतिक अस्थिरताको दुर्षरिणाम भोग्नुपर्ने अवस्था पनि छ । भनिएको छ, वर्तमा शासन प्रणालीमा यो रास्वपाको दुई तिहाइ बहुमतको सरकार अन्तिम प्रयोग हो । यो पनि असफल भएमा मुलुक अर्को कोर्षमा जानेछ । गतवर्षको भदौ २२ अगाडि सबैखालेहरूको गठन्धन गराएर एककिसिमको प्रयोग गरियो । कुनै सफलता मिलेन । अब नयाँ र फ्रेस दलहरूलाई दुई तिहाई दिलाएको छ । यो पनि असफल र असक्षम भयो भने अर्कै राजनीतिक परिस्थिति सिर्जना हुनजानेछ । यसै भन्दैछन केही विश्लेशकहरू । अब यहाँ नेपाली जनताको जोड किन र कसरी चल्छ र ? सबै त भूराजनीतिको खेल हो । ती विश्लेषक यसरी पनि दृष्टिकोण दिदैछन् ।


## नागरिक मैत्री : सार्वजनिक सेवा

- सेवाग्राहीप्रति सम्मान, शिष्टता र समान व्यवहार गरौं,
- छिटो, सरल, पारदर्शी र गुणस्तरीय सेवा प्रदान गरौं,
- सेवासम्बन्धी सूचना, प्रकृया र शुल्क स्पष्ट रूपमा उपलव्ध गराऔं,
- प्रविधिमैत्री तथा डिजिटल सेवाको प्रभावकारी उपयोग गरौं,
- सेवाग्राहीका गुनासा, सुझाव र प्रतिकृयालाई संबोधन गरौं,
- सुशासन, इमानदारिता, जवाफदेहिता र उत्तर दायित्वलाई आत्मसात् गरौं,
- सार्वजनिक सेवालाई विश्वासयोग्य, पहुँचयोग्य र नागरिककेन्द्रित बनाऔं ।

सेवाग्राहीको सन्तुष्टी नै सार्वजनिक सेवाको सफलता हो ।

नेपाल सरकार
विज्ञापन बोर्ड




## संस्कृतिमा बिकृति : सोच्याउन अबेर नहोस्

**देवी काफ्ले-**

परम्परागत बैवाहिक चलन अहिले निकै परिमार्जित भएको छ । मेरो दिदीको आज जनैसुपारी गरेर पर्सि नै बिहे भयो । दाईको त्यसरी नै भयो । केटी माग्ने र दुवै परिवारको सहमति पछि बिबाह पक्का गर्न जनैसुपारी गर्ने चलन हुन्छ । जनैसुपारी गरेपछि बिबाहको तिथिमिति तोकिन्छ । शुभलग्न जुरायर मिति तोकिन्छ । बिवाहको अघिल्लो दिनमा शुभसाइतमा कसारको चामल वा पिठो भुटिन्छ । जोर कन्या राखेर कसार बाटिन्छ । त्यहि कसार सगुनको रूपमा जन्ती तथा आगन्तुक पाहुनाहरूलाई बांडिन्छ । बिहेको दिनमा दुलहि श्रृंगार गरेर जग्गेमा राखिन्छ । दुलाहा पक्ष पनि शुभसाइत र शुभलग्नमा उपस्थित हुन्छन् बिवाह सम्पन्न हुन्छ । यस बिचमा सालीले भिनाजुको जुत्ता लुकाउने चलन हुन्छ । उनिहरू जुत्ताको मूल्य माग्छन् ।कसैले जति माग्यो त्यति दिन्छन् कसैले बार्गेनिङ गर्छन् । माहोल रमाइलो हुन्छ । दुवै घरमा पाहुना हुन्छन् । दुलाहा अन्माएर पठाइसकेपछि दुलाहाको घरमा रत्यौली नाचिन्छ ।

आजकलको बिबाह दुईचार दिनमा टुंगिन छाडेछ । हामीले देखेजानेको बिबाह कर्म त अहिले एकादेशको कथा भैसकेछ । आयातित संस्कारले नेपालीको संस्कार पिल्सिएको छ । हल्दिमेहेन्दी भनेर हामीले जान्दै नजानेको चलनले खुब बजार पाएको छ । एक हप्ता अगाडि देखि हल्दिमेहेन्दीको रश्म चल्छ आजकल । हाम्रो चलनमा यस्तो भए जस्तो त लाग्दैनथ्यो । भारतीय संस्कृति आयात गरेर चलाईएको यो प्रचलनले हुनेखाने नेपालीलाई त रमाइलो होला, हुँदा खानेहरूका लागि पिँडालु बनेको छ । रहर त आखिर रहर नै हो । रमाइलो गर्न कसलाई मन लाग्दैन र ? एउटा बिवाहमा लाखौं खर्चेर अर्काको प्रचलन गर्यो त्यहि बिवाह छ महिनापछि टुङ्ग्याउन अदालतमा उपस्थित भएका दृष्टान्त कति छन् कति । आफ्नो संस्कृतिलाई घृणा गरेर देखावटी प्रोफाइल बनाउनेले अलिकति पनि सोच्नु पर्दैन र ?

जनैपूर्णिमालाई राखी बनाइएको छ । जनैपूर्णिमाको महत्व छुट्टै छ ।

सत्ययुगमा दानवद्वारा लखेटिएका देवगणलाई गुरू बृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित बन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ । तर आज यश पर्वलाई राखी (जुन भारतमा मनाइने चाड हो) बनाइएको छ । दिदीबहिनीद्वारा दाजुभाईको हातमा रक्षाकवचको रूपमा बांधिने चलनमा परिवर्तित भयो । यसले हाम्रो संस्कृतिमा प्रभाव पर्दैन र ? धेरैजसो चाडपर्व भारतसंग मिल्दाजुल्दा छन् । यसो भन्दैमा आफ्नै संस्कृतिलाई लात हान्न मिल्ला त ? दशैंलाई दशहरा, तिहारलाई दिपावली बनाइयो । फागुलाई होली बनाइयो । हाम्रा चाडपर्व हामीलाई अति प्यारा छन् । आयातित संस्कृतिको किन आवस्यकता ?

साउन महिना । साउनमा हरिया पहेंला चुरा, सोही रंगहरूका लुगा पनि उत्तिकै प्रचलनमा आएका छन् ।हाम्रो देशमा चुराको उत्पादन हुंदैन । बर्सेनि भारतबाट करोडौंको मात्रामा चुरा आयात हुन्छ । पैसा होस् नहोस् ती हरियापहेंला चुराहरू खरिद गर्नै पर्ने हाम्रो मानसिकताले देशको अर्थतन्त्रमा कति नोक्सान पुर्याएको छ हामीले सोच्नु पर्दैन ? साउनमा हरिया चुरा लगाएर पतिको आयु बढ्छ भन्ने मान्यता बोक्छौं । अरू बिषयमा आधुनिकता, चुराले पतिको आयु बढ्छ भन्नेमा कसरी बिश्वस्त हुन सकेका ? यस्ता कुराहरूमा बिस्वास गर्ने हो भने त नेपाल, भारत, बंगलादेश बाहेकका देशका पुरूषहरूको आयु निकै छोटो हुनुपर्ने हो । पतिको आयु बढाउन त उत्पादन मुलक कार्यमा लाग्नुपर्ने हो । अर्थोपार्जन गरेर घरायसी खर्चमा मद्दत मिलोस् । दुवै कमाउने परिवार रमाउने भय पो पतिको मात्रै हैन परिवार कै आयु बढ्ने थियो । बाँझो रहेको करेसाबारीमा तरकारी फलाएर खायो भने पो आयु बढ्ने अनि आँखा पनि स्वस्थ हुन्थ्यो । हरिया चुराले आयु बढ्ने, धेरै बाँच्ने भन्ने भ्रममा परेकालाई हरियो तरकारीको महत्व कसरी सिकाउनु ?

समय परिवर्तनशिल छ । मानिस समयानुकूल चल्नुपर्छ ।सत्य हो । सबै कुराको बिरोध मात्रै गर्न खोजेको होइन तर हाम्रा हरकतले बोल्न मन लाग्यो । भारतियकै अर्को सुन्दरताको बिज्ञापनले नेपाल छाएको छ । साउनमा मेहेन्दि लगाउनुपर्ने । हाम्रा आमाहरूले रोपाइँ सकेपछि तिउरी पिसेर लगाएको अलिअलि याद छ । त्यो बा को आयु बढाउन हो या सुन्दरी हुन हो या चलन थियो या हिलोले खाएको घाउ निको बनाउन हो त्यति थाहा पाइन । यसले मेहेन्दीको रहर या चलन नेपालमा पनि रैछ भन्न त सकिन्छ तर प्रयोजन भने कन्फ्युज नै छ । भारतमै चुरा र मेहेन्दी परपुरूषको हातबाट लगाउन हुदैन भन्ने कथन छ । जानकार महिलाहरू परपुरूषको हातबाट मेहेन्दी र चुरा लगाउँदैनन् । तर त्यहि आयातित संस्कृतिमा कति बिकृति छ भन्ने कुरा अब देशका शहर तथा काठमाडौको न्युरोडमा छ्यालब्याल्ती देख्न पाईन्छ । चाडबाड, बिवाह परम्परा, रितीरिवाज मानौं । आफ्नो संस्कृतिलाई भन्दा आयातित संस्कृतिलाई महत्व नदिउँ । हैसियत हेरेर मात्रै खर्च गरौं । महिलाले पनि देशको अर्थतन्त्र जोगाउन सकिन्छ, सहयोग गरौं ।

तीज : महिलाले नै भड्किलो बनाएका छन् । संष्कार भत्काएका छन् ।

## पवित्र लुम्बिनी सहकारीको १७औं बार्षिक साधारण सभा सम्पन्न, टेकराज पोखरेलको अध्यक्षतामा नयाा समिति निर्विरोध चयन

काठमाडौं । पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । संस्थाका अध्यक्ष टेकराज पोखरेलको सभापतित्वमा सम्पन्न कार्यक्रममा पूर्वअर्थमन्त्री रामेश्वर खनाल प्रमुख अतिथिका रूपमा उपस्थित हुनुहुन्थ्यो भने सस्थाका सचिब कृष्ण प्रसाद घिमिरेले कार्यक्रम सन्चालन गर्नुभएको थियो । अतिथिको रूपमा लुम्बिनी तन्दुरी व्यवसायी संघका अध्यक्ष सुरज पोखरेल, संस्थाका सल्लाहकार टीकाराम पोखरेल तथा पूर्वसल्लाहकारहरू निमप्रसाद भण्डारी, नरेशकुमार अधिकारी, मोतिराज खनाल, बाबुराम रायमाझी, बालकृष्ण घिमिरेलगायतको उपस्थिति रहेको थियो ।

त्यसैगरी संस्थाका व्यवस्थापक टीकाराम पौडेल, पदाधिकारी, कार्यसमिति सदस्य, विभिन्न उपसमितिका संयोजक तथा सदस्य, शेयर धनी सदस्य, पत्रकार, कलाकार र कर्मचारीहरूको उल्लेख्य सहभागिता रहेको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि पूर्वअर्थमन्त्री रामेश्वर खनालले सहकारीको भीडमा पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था चुस्त, दुरूस्त र मजबुत अवस्थामा रहेको बताउनुभयो। उहाँले नवनिर्वाचित समितिले सहकारीको गरिमा अझ उचाइमा पुऱ्याउँदै सदस्यहरूको हितमा प्रभावकारी ढंगले काम गर्ने विश्वास व्यक्त गर्दै सफल कार्यकालको शुभकामना दिनुभयो । संस्थाका कोषाध्यक्ष मणि अधिकारीले स्वागत मन्तव्य राख्नुभएको थियो । त्यस्तै लुम्बिनी तन्दुरी व्यवसायी संघका अध्यक्ष सुरज पोखरेलले 'पवित्र लुम्बिनी' नामजस्तै संस्था विश्वासिलो रहेको बताउनुभयो ।

साधारण सभामा संस्थाको वर्तमान अवस्था, आर्थिक तथा संस्थागत प्रगति, आगामी योजना र सहकारीको थप विकासका विषयमा छलफल गरिएको थियो । सभाले संस्थालाई थप व्यवस्थित, पारदर्शी र सदस्यकेन्द्रित बनाउँदै अघि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरेको छ । साधारण सभाबाट टेकराज पोखरेलको अध्यक्षतामा




नयाँ सञ्चालक समिति निर्विरोध चयन भएसँगै संस्थाको आगामी कार्यदिशा थप प्रभावकारी हुने अपेक्षा गरिएको छ । साधारण सभामा नवनिर्वाचित नेतृत्वलाई सफल कार्यकालको शुभकामना दिँदै संस्थाप्रति विश्वास व्यक्त गरिएको थियो ।

पवित्र लुम्बिनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको १७ औं बार्षिक साधारण सभाबाट निर्बिरोध निर्बाचितहरूमा अध्यक्षः श्री टेकराज पोखरेल, उपाध्यक्षः श्री हेमन्त घिमिरे, सचिवः मणिराम अधिकारी, कोषाध्यक्षः रूद्र पोखरेल, सदस्यहरूमा श्री दिवाकर पराजुली, हरिप्रसाद पोखरेल, तुलसीराम भण्डारी, श्री अरूण सेजवाल र महिला सदस्यमा श्रीमती लक्ष्मी भण्डारी पौडेल, लेखा सुपरिवेक्षण समितिः संयोजकः बाबुराम रायमाझी, सदस्यहरूः मुकुन्द घिमिरे । : केशव खनाल ।